जो मनुष्य हेमन्त रीतु र शिशीर ऋतुमा पुष्पको सेवन छोडी दिन्छ र आफ्नो शक्ति अनुसार सुनको तिन फुल वनाई फालगुण पुर्णिमाको दिनमा भगवान श्री शिव र विष्णु प्रसन्नको निमित्त दान गर्दछ त्यो परंपद प्राप्त गर्दछ यसैलाई शौम्य बृत भनिन्छ।

जो फागुण देखी प्रारभ गरेर प्रत्येक महिनाको तृतियाको दिन नुन छोडीं दिन्छ १ वर्ष पूरा भयपछि बृाम्हण दम्पती पुजा गरेर सैया र आवश्यक सामृगीको साथ घर दान गर्दछ त्यो १ कलपतक गौरी लोकमा वस्दछ यो सौभाग्य वृत भन्दछ।

जो बृाम्हण १ वर्ष तक मौन भावले सन्ध्या गर्दछ वर्षको अन्तमा घ्यू को २ घडा वस्त्र धोती चहर तिल वटा बृाम्हणलाई दान गर्दछ भने सरश्वता लोक प्राप्त हुन्छ त्यस वृत सरश्वता हुन ।

जो प्रति दिन गोवरको मण्डल वनाएर उसमा अक्षताद्वारा कमलवना वस तेस उपर श्री शिव विष्णु प्रतिमा राखी त्यसमा घ्यूले स्नान गराउनु विधीवत पुजा गरावस १ वर्ष वितेर जावस । ८ सुनको अंगुलको कमल र तिलको गाई दान गर्ने शिवलोक प्राप्त गर्दछ । त्यसलाई शाम वृत बन्दछ ।

नवमि तिथीमा एक भक्त भय र षटि छाक भोजन गरेर कुमारीहरु-को भक्ति पुर्वक भोजन गराउनु र गाई सुवर्ण धोती चदर सुनको सिहासन वृाम्हणलाई दिनु शिवलोक जान्छ ।

मनुष्येलाई सुख दिने (विरवृत) नाउको वृत चैत्रमा प्रारम्भ गरेर चार महिना तक विना प्रती दिन मानिसलाई मांगपानी पिलाव यो वृत समाप्ती भरपछि अन्न वस्त्र सहित पानीले भरेको माटोको गाग्री तिलको पूर्ण पात्र र सुवंग दान गरोस यस्तो गर्नेबृाम्हण लोकमा पुज्ये हुनेछ ।

जो मानिस मासु विलकुल परीत्याग गरेर वृतको आचरण गरोस उस्ले गाई मृग दान गरोस अश्वमेघ यज्ञको फल प्राप्त गर्दछ सुनको यो अहिंसा वृत हुन पछि अन्तमा राजा हुन्छ ।

माघ महिनामा सुर्योदय पैले स्नान गरेर वृाम्हणको दम्पतीको पूजा गरी भोजन गरावस यथा शक्ति वस्त्र र आभुषण दान देवोस यो सुर्य वृत हुन सुर्य लोक प्राप्त गर्न हुन ।

जो नियत काल तक प्रति दिन संध्याको समयमा दिप दान गर्ला घ्यू र तेलको सेवन गर्दैन वृत समाप्त भयपछि वृाम्हणलाई दिपकचक्र सुनधोटी वदह दान गर्ला यो तेजस्वी भएर रूद्रलोक जान्छ त्यसको नाउ दिपपतीब्रत हून ।

जो कार्तिकमा आधारम्भ गरेर प्रत्येक महिनाको तृतियाको रातको समय मा गाईको सुत्रमा पकाएको जौ को लप्सी खायर रहन्छ र वर्ष

समाप्त भय पछि गोदान गर्दछ भने गौरी लोक निवास गर्दछ त्यस पछि जन्ममा राजा हुन्छ यो रूद्रवत हुन ।

जो ४ महिना तक चन्दन लगाउन छाडी दिन्छ अन्तमा सिपी चन्दन अक्षता दुई श्वेतवस्त्र रोटी चदर वृम्हणलाई दान गर्दा वरूण लोकमा जान्छ (त्यो दृढ वृत हुन) ।

जो ३ दिन तक दुध मात्र पियर रहन्छ आफ्नो शक्ती अनुसार १ तोला भन्दा बढिसुनको कल्पवृक्ष बनायर १ सेर चामलको साथ वृाम्हण लाई दान गर्दछ त्यो वृम्ह पद प्राप्त गर्दछ । (कल्प वृक्ष बृत हुन ।

जो १५ दिन सम्म उपवास बसेर वृाम्हणलाई कैलोगाई दान गर्दछ भने वृम्हलोक जान्छ यस्को नाउ (प्रभा वृत हुन)

जो वर्ष १ तक यौटै अन्नको भोंजन गर्दछ भक्ष्य पदार्थको साथ जलको दान घडा गर्दछ भने शिबलोक जान्छ । (यो प्राप्ती बृत भन्दछ)

जो अष्टमीको रात प्रत्येक एक पटक मात्र भोजन गर्दछ भने समाप्त भएपछि दुध दिने गाई दान गर्दछ भने त्यो ईन्द्रलोकमा जान्छ यो (सुगती बृत भन्दछ)

जो वर्षा आदि ४ ऋतुमा वृाम्हणलाई (ईन्धन दान दिन्छ) अन्तमा घ्यू तथा गाई दान गर्दछ यो सर्व पापनास गर्ने (खस्वानवै) बृत हुन ।

जो प्रत्येक तृतीयाको दिनमा शिव मन्दिर गई हात जोडदछ भने १ वर्ष पुरा भएपछि दुध दिने गाई दान गरे देव लोक प्राप्ति हुन्छ । (भवानी वृत भन्दछ)

जो स्वयं कन्या दान गर्दछ र अर्को कन्या विवाह गराई दिन्छ यो २१ कुल बृम्ह लोक जान्छ कन्या दान जस्को अर्को कुनै दान छैन । विशेष पुस्कर तिर्थमा कार्तिक पुर्णिको दिन जो कन्या दान गर्दा उ स्वर्गमा अक्षय वास पाउँछ ।

माथि लेखिएको वृत र दान हेरी सकनुभयो सक्नेले गर्नु सारै उत्तम छ तर पुण्यको आशाले गर्नु हूदैन दानमा अभय दान जस्तो ठुलो दान अरू कुनै दान छैन भनि लेखिएको छ तल हेर्नु स । सरस्वती नदीको नाउ नदा भएको ।

श्री पुलस्य जिले भिष्म पितामहलाई भन्नु हुन्छ ।

प्रभन्जन नाउं गरेको यौटा प्रसिद्ध राजा थिए एकादिन वनमा मृगको सिकार खेल्न गएको थियो उसले यौटा झाडी भित्र यौटा मृगदेखे राजाका सामुन्ने माती मृग थियो ।

राजा प्रभन्जनले आफ्नो तिखो वाण मृग उपर चलायो मृग लाईलागे चारै तर्फ हेरे तव राजाले फेरी अर्को तिखो वाण हातमा लिइ रहेको मृगले देखे । तव भन्यो हे मुढ तिमीले यो के गरेको हो । तिम्रो बहुत पापपुर्ण वाण हो किन भने । मैले झाडी भित्र तललिर हेरी निभय साथ आफ्नो बच्चालाई दुध पिलाइ रहेको थिए । यसै अवस्थामा तिमीले हानेको वाण ले मलाई लाग्यो मैले अपराध गरेको थिएन ।

तिम्रो बुद्धि बहुतै निर्दयी रहेछौ तिमी मासु खानमा धुर्त रहेछौ मासुखानको निमित्त यहि जंगलको वाघ भएर रहनु परोस ।

मृगीनीको यो श्राप सुनि राजाको दश इन्द्रीय नै कामन लाग्यो राजाले हात जोडेर भन्न लाग्यो कल्याणी मैले जानेको थिएन तीमैमिले बच्चालाई दुध पि लाइ रहेछौ अन्जानलाइ हार्नेछु ।

म तिम्रो श्रापले वाघनभै छोडने भएन म वाघ योनीबाट मनुष्य कले हुने हो उद्धार हुने अव अवधि भन्नुस ।

राजाको यो कुरा सुनी मृगीनीले भनिन राजन आजवाट एक सय वर्ष वितेपछि मनंदामा उको यौटी गाई आउली उसको साथ तिम्रो कुरा भएपछि तिमी श्रापबाट मुक्त हुनेछौ ।

पुलस्त्य जी भन्नु हुन्छ मृगनीको भनाइ अनुसार राजा प्रभन्जन तुरून्तै वाघ मै हाल्यौ ति वाघको सरीर वहुतै ठुलो र भयानक थियो ।

त्यसैले त्यो वन भित्र वसि मृग तथा अन्यजीव र मनुष्यहरू समेत बहुतै मारी खान लाग्यो आफुले आफैलाई निन्दा गर्दै भन्न लाग्यो कि अब म कैले मनुष्यको सरीर धारणा गरूंला यस यौनीमा मेरो उद्धार हुन सक्दैन खाली हिंसा मात्र मेरो वृती भएको छ ।

यस प्रकार त्यस बनमा ति बाघ सय वर्ष सम्म विताउन लाग्यो एकदिन त्यस वनमा गाईको बथान देखा पर्न लागेको थियो त्यहा विशेष पानीको सुविधा थियो ।

ती गाईको वथानमा यौटी वहुत राम्रो हृष्ठ पुष्ठ नन्दा नामकी गाई थिइन चर्दै चर्दै तिनै वाघको सामुन्नेमा पर्न गयो र अरू गाईसंग विछुट हुन गयो वाघले देखि भन्न लाग्यो आज मलाई भगवानले राम्रो आहारा मिलाई दिए वाघको त्यो वचन सुनि गाईले घरमा रहेको आफ्नो वच्चाको याद गरे ।

तव गाई आफ्नो बच्चाको मायाले हुम कारण लाग्यो वाघले भन्न लागे सबैले आफ्नो तकदीरको भाग भोग्दछ आज स्वयम तिमी मेरा सामुन्नेमा आईरहेछौ । अब दुखः मानी रहनु पर्दैन तिमी किन कसका निमित्त रोई रहेकी छौं।

वाघको यस्तो कुरा सुनि नन्दाले भन्छीन वाघ तिमीलाई मेरो नमस्कार छ मेरो सारा अपराधलाई क्षमा गरि दिनुस मैले जानेकी छु तिम्रो पासमा आएको प्राणीलाई माफी हुन सक्दैन एक न एकदिन अवश्य मर्नु पर्छ तर मैले यौटा वाछो जन्म दिएकी छु ।

पैलेको प्रथम पुत्र हुनाले मेरो ज्यादा प्यारो भएको छ खाली मेरो दुध पिएर प्राण धानेको छ घाँस खान जानेको छैन यो समयमा मेरो वाटो हेरी रहेको होला ।

मनभएपछि मेरो वच्चा कसरी जीवन विताउला एक पटक दुध पिलाउने मेरो इच्छा छ केही समयलाई मलाई छोडी दिनुस र उसको

टाउको चाटी आउला र उसको रक्षालाई उसलाई र मेरो साथीहरूलाई पनि उसको हेर देख गर्नु भनि आउला अनि तिमीले मलाई खानु ।

नन्दाको यो कुरा सुनि वाघले भन्दछ तिमी तिम्रो छोरा संग के काम छ । नन्द ले भन्दछः- पैले पायको प्रथम पुत्र मेरो वहुतै प्यारो लागेको छ त्यस कारण मलाई जान देउ तिमीले म लाई पठाइ देउ म आएन भने आमा वावु ब्राम्हण मारेमा जो पाप लाग्छ उहि पाप मलाई लागोस । म अवश्य आउला तिमी यो कुराको विश्वास लेउ अरूलाई भन्दा म आफै ठगीएला ।

वाघले भन्छ तिमी जाउ सवैं संग विदा मागी तिम्रो छोरालाई दुध पिलाई आउ । पुलस्त्य भन्नु हुन्छ । ति नन्दा गाई वहुतै सत्य वादिनी थिइन वाघ संग बिदा मागी पुत्र कहाँ आई छोरा देख्दा गहभरी आँसु लिई छोरालाई दुध पिलाउन लागे तव छोराले भन्दछ कि आमा आज किन के भयो तिमी सारै दिक्दार देख्छु ।

नन्दा भन्दछ– छोरा दुध खाउ यो हाम्रो अन्तिम भेट हो अब देखि तिम्री आमाको दर्शन दुर्लभ हुतेछ आज एकदिन मेरो दुध पिउनु भोली देखी कस्को पिउला म अहिले फर्कर जानु पर्दछ मैले कृया हाली आएकी छु भोको वाघको निमित्त जीवन अर्पण गर्नु छ ।

वाछा भन्दछः– आमा तिमी जहाँ जान लागेकी छौ म पनि साथै जान्छु तिमी नरहेमा म मरी हाल्छु तर तिम्रै सांथ किन नमर्ने वाघले तिमीलाई मारेपछि मलाई पनि मारी हाल्छ आमाको मात्र वच्चा छुटेमा वच्चाको जीवनको के प्रयोजन आमा नै रक्षक हुन ।

नन्दाले भन्दछ— छोरा, मर्नु अवश्य छ तिमी वहाँ नआउनु जसको मर्नु छ उनै मर्दछ एक दिन सबै मर्नै पर्दछ सबै शोक छोडेर मेरो वचन मान भनी छोरालाई सम्झाए पछी संगीहरूलाई पनि छोराको

हेर चाह गरि दिसु भनि सवलाई प्रणाम गर्दै जहाँ बाघ रहेको छ त्यहीं पुग्ने बितिकै उसको वाछो पनि पुच्छर ठाडो गर्दै अघिबाटै पुगेछ।

जब त्यसरी छोरा आएको नन्दाले देखि सत्य धर्म पालन गरेर तिम्रो सन्मुखमा आएको छु अब मेरो मासु खाएर तृप्ती हुनु होस।

वाघले भन्दछ– गाई तिमी बडो सत्यवादिनी रहेछौ कल्याणी तिम्रो स्वागत छ सत्यको अंगाली नै कहिले नास हुँदैन भयंकर प्राण लिने पशुको साथबाट गै सकेपछि तिमी फेरी मेरो साथ कसरी आउला भनि तिम्रो सत्यको परिचय लिन लाई छोडि दिएको थिएँ।

सत्यको खोजीमाथि पै तिमीना सत्य भरीपूर्ण रहेछ मैले पाए यही सत्यले तिमीलाई छोडिदिएँ आजदेखि तिमी मेरो वहिनी भइ तिम्रो छोरा मेरा भाजा भयो। हिजो तिमीले मलाई यही ज्ञान दिएको थियौ की 'सत्य ले नै लोकले मान्नेता दिनहुन सत्यमा नै धर्म टिकेर छ कल्याणी तिम्रो सत्य देख्दा खुसी भएँ तिमी जन्मेको देश धन्य हो।

तिम्रो दुध पिउने छोरा पनि धन्य हो मैले हजारौ जीवात्माको हत्या गरी नीर्दयी पूर्वक खाई सके त्यस्तो बुद्धि नआवस के गर्दा दया उत्पती हुन्छ त्यस कर्म बताउ अब बाघको योनीबाट छिटै उद्धार हुनु पर्यो भनि गाई संग विन्ती गरे।

गाईले भन्दछ– भाई वाघ विद्वान मानिस सत्य युगको तपस्यालाई प्रशंसा गर्दछ। त्रेता युग मा ज्ञान तपस्याको सहायक कर्म, हुन द्वापर युगमा यज्ञ उतम भनेका छन्। किन्तु कली युगमा सर्वोत्तम दान भन्दा ठूलो दान केही छैन अभय दानि दिने मानिस बृम्ह प्राप्त गर्दछ।

अहिंसा समानको दान र त्यो जस्तो अरू कुनै छैन अहिंसा रूखको छायाँ त्रिवीध तापनास गर्ने हुन। धर्म र ज्ञान त्यो रूखको फुल हुन स्वर्ग र मोक्ष उसको फलहो यो मैले छोटकरीमा भनेकी छु।

बाघले भन्यो- म पैले राजा थिएँ किन्तु मृगीनीको श्रापले बाघको सरीर धारण गर्नु पर्यो त्यहाँ देखि दिन दिनै प्राणी मार्दै खादै आएकोछु सबै कुरा भुलें यस बखत तिम्रो संग तर उपदेशले मेरो सबै सम्झना आयो तिमी पनि यो सत्यको प्रभावले उत्तम गति प्राप्त होंला म तिमी संग यौटा कुरा सोधनी गर्दछु ।

बाघले भन्दछ तिम्रो नाउँ के हो नन्दा भन्दछ मेरो लोग्नेको नाउँ नन्द हो उसैले मेरो नाउँ नन्दा राखी दिए ।

प्रलस्त्यजी भन्नु हुन्छ नन्दाको नाउँ बाघको कान भित्र जान वितिकै राजा प्रभन्जन श्रापवाट मुक्त भयो यो सरश्वती नदी मेरै नाउँबाट प्रष्यात होउन भनि छोरा र आफु उत्तम लोकमा गइन जो मनुष्य सरश्वती नदीको नाउं मात्र उच्चारण गर्ला र स्नान गर्ला स्वर्ग जाने सिद्धि वन्दै जानेछ ।

निषध नाउँको सहरमा विष्णु भक्तको दर्शनले वैश्य उद्धार

नीषध नाउँ गरेको शहरमा यौटां बैश्य वस्दथ्यो उसको नाउँ कुण्डल थियो उत्तम कुलमा जन्म भएकोले सतकर्म गर्दथियो देवता ब्राम्हण अगनी पुजा गर्नु उनको नियम थियो ।

खेती व्यापारको काम गर्दै थियो यसबाट करोडौ सुनको मुद्रा कमाएको थियो ।

यसरी व्यापार गर्दा गर्दै कानमा उम्रेको रौ समेत सेसो भयो तव उसको चित्तमा संसार क्षण भङ्गुर उसको सम्पत्तिमा ६ भागको १ धर्म कार्य गर्न शुरू गऱ्यो विष्णुको मन्दिर, पोखरी, शिवालयहरू बनायो ।

सूर्य उदय देखि अस्ततवक खुवाउने व्यवस्था गरे अरु अनेक दान दिए सधैं देवता पुजा र पुराण, किर्तन, अतीथी सत्कारमा वेस्थ हुन्थ्यो ।

उनको २ छोरा थियो जेठा श्री कुण्डल कान्छा विकुण्डल थियो दुवै छोराहरूमा घरको भार सुपी आफु भजनको निमित्त वन तिर गए ।

उसले आफ्नु शरीर क्षिण गर्दै वासुदेवमा मन लगाए ती दुवै पुत्रहरू को धनको घमण्डले आफ्नो स्वधर्म नगरी चापलुसि गर्ने साथीहरूको संगतले भजन किर्तन केही नगर्ने दान पुजा पनि नगर्ने कुनै धर्ममा पनि मनदिने गरेन ।

उसको सम्पति थोरै दिनमा समाप्त हुँदै गयो त्यसरी धन सकिदै गएपछि कुल कुटुम्वीहरूले पनि छोडी दिए सहरमा उनीहरू वहुत गरिवी अवस्थामा पर्न गयो त्यसले घरमा वस्न नसकि वन तिर लाग्यो ।

त्यसपछि जेठोलाई सिंहले मारे कान्छालाई सर्पले डसी मारे पछि यमदुतले लिई गएपछि १ जनालाई नर्कमा हाल १ जनालाई स्वर्गमा लैजाउ भनि यमराजले भने ।

ज्येष्ठ पुत्र नरकमा राखेवि कुण्डलाई स्वर्गमा लान लिगए वाटोमा भने दुधवर यौटो आमा वाबुको छोरा एकै काम गरि रहेको दाजुले के गयो मेरो के पुण्यले स्वर्ग जान पाएको भनि विन्ती गरे ।

देवदूतले भन्यो:- वैश्वर सुन हरिभित्रको छोरा स्वभित्र वाहुन वनमा वस्द थियो तिनी वेन शास्त्रमा विद्वान थियो यमुना नदीको दक्षिण किनारमा उनको पवित्र आश्रम थियो उनी वनमा वसेको वखत मुनीसंग तिम्रो मित्रता भयो ।

उसको संगतले कान्दीय पवित्र जलमा स्नान गर्यो यौटा माघ स्नानको पुण्यले तिम्रो सबै पाप मोचन भयो दुइ पटक माघ स्नान गर्यो दोश्रो ले स्वर्ग प्राप्ती भएको हो ।

तिम्रो दाजु असीपत्र वनी पत्रको जंगलमा सरीर छीन्न भिन्न गराउछ र रातो गरि फुकेको गोलमा भुटदछ यो सुनि शरीरको खडा हुन लाग्यो तव भन्यो दूतवर सत पुरूषको साथ लागी हिडेमात्र पनि उत्तम फल मिल्दछ ।

मनुष्य के गर्दा यमलोक जानुपर्दैन के गर्दा नरक जानु पर्दछ भनुस ।
देवदूत भन्दछः– जो मनवाणी र कर्म द्वारा अरूलाई कष्ट दिदैन यमराज कहाँ जानु पर्दैन अहिंसा परमोधर्म नै तपस्या भनि मुनीहरूले भनेका छन् ।

जो मनुष्य दयालु हुन सबै प्राणीलाई आफु वरावर देख्दछ आफुले खानको निमित्त कुनै जिवको हत्या गरि खान खुवाउछ (काल शुत्र) नाउं गरेको नरकमा राखि दुर्गति भोगाउंछ त्यहाँ कुकुरको मासु पीप र गत खुवाइ चर्पि विष्ठामा टाउको दुवाइ राखि दिन्छ ।

एक कल्पतक कष्ट दिई हजारौ पटक किरा जन्म दिन्छ पछि अन्धाले गडा जन्म रोगी, दरीद्री अंग हिन गरि जन्म दिन्छ जो मानिस सुख पाउन इच्छा छ भने कुनै जीवको हिसा नगर्नु कहिपनि केही कुराको भय हुदैन ।

जो मनुष्य अनाथ स्त्री ब्राम्हण बुढा रोगी दरीद्रीको सदा पालन भने गर्दछ स्वर्गमा भोग गर्दछ जो वीना स्नानले भोजन गर्दछ भने ती पनि नर्कै भोग गर्दछ जो वीना सत्यवादि सदा मौन प्रिय वर्गमा श्रीर हिन अर्काको दोष नदेखने प्राणीलाई नरकमा यातना गर्नु पर्दैन ।

अरूलाई अनेक दोष लगाउने अरूलाई चित्त दुखाउने जिवहिंसा गर्नेहरू तिर्थ स्नानले पनि उद्धार हूदैन भयंकर नरक भोग गर्नु पर्दछ ।

तिर्थ मागरेको पाप तीर्थमा लिएको दान पचाउने मुम्कील छ एक पटक गंगाजलमा स्नान गरि पवित्र भएपछि धेरै पाप गरेपनि त्यो नरक पर्दैन ।

जो ब्राम्हण दान लिन सामर्थ भएर पनि दान लिदैन आकासको तारा वनेर वस्नेछ जो गाईको रक्षा गर्दछ गौशालामा मृत्यु हुन्छ जो सदा प्राणयाम गर्ने यमलोकमा जानु पर्दैन ।

१६ पटक प्राणयाम गरे ब्रम्ह हत्या गर्ने पनि पवित्र हुन्छ प्राण यामको बलले मनुष्यको पपा सारा क्षण भष्म हुन्छ जो पुत्र आमा बाबुको देवता समान मान्दछ यमराजको घरमा जानु पर्दैन ।

जो धर्मको उपदेश गरेर हिड्छ उसको कुनै पाप रहदैन ब्रम्हलोक प्राप्त गर्दछ जो विष्णु भक्तको सेवा गर्दछ । ॐनम नारायणय मन्त्रको जप गर्ने मानिसको दर्शणले पनि पापी उद्धार हुन्छ । माथिको दृष्टान्टहरूले हामीले हिंसा गर्नु खानु उचित छैन भन्ने सवै शास्त्रले प्रष्ट वताई रहेको षाउंछौ तरपनि खाइ रहेको जीवनमा एकै पल्ट छोडन मुस्कील पर्ने स्वभावीक हो यस्तो कार्यबाट रोक्नलाई सर्वप्रथम संगत त्यसपछि वैराग लिदै अलि अलि गरि साधन गर्दै जानु पर्दछ त्यस्तो गर्न तलको दृष्टान्त पढनुस ।

कुनै देशको राजाले १० बाखीलाई खुवाएर सन्तोष गरेमा आधा राज्य दिने आदेश

कुनै देशको राजाले १० वटी वाख्री पाली राखेको रहेछ ती १० वाख्रीलाई कसले सन्तोष गरी खुवाउला उसलाई आधा राज्य दिन्छु भन्ने देशमा राजाले आदेश दिएको रहेछ ।

त्यसरी राजाको आदेश वमोजिम त्यस ठाउंको मानिसहरू आए राजाले १० वाख्री दिई पठाए मानिसहरूले वाख्री लगी वाख्रीहरूको पेट फुट्ने जस्तो गरि खुवाइ सकेपछि राजाको अगाडी ल्याइ दिन्थ्यो ।

त्यस वाख्री ल्याए पछि राजाले ती वाख्रीलाई आफ्नो वाकमवाट हरियो घाँस ल्याइ बाख्रीको अगाडी राखि दिन्थ्ये हरियो घाँस अगाडी देखेपछि वाख्रीले ति घाँस खान खोज्द थियो र वाख्री सन्तोष गरि खुवाइ ल्याएको छु भन्ने मानिसहरू कसैको पनि काम सफल भएन ।

एवं रीतले आधा राज्यका मानिसहरू आउँदै क्रमश: बाख्री लैजाँदै खुवाउँदै राजाको अगाडि ल्याउँथ्यो राजाले हरियो घाँस वाख्रीको अगाडि राखीदिएपछि जति सुकै खुवाइ ल्याएपनि वाख्री हरियो घाँस, फेरी खान खोज्ने गर्दा ती वाख्री कसैले लगी खुवाउन सकेन ।

त्यसपछि १ जना भक्त आई राजासग विन्ति गरे यी वाख्रीहरू मैले लगी खुवाई अघाई ल्याउंछु भनि विन्ति गरेपछि राजाले भन्दछ यसलाई अघाइ ल्याउने कसैको सामर्थ हुने छैन । भनेपछि भक्तले कोशीस गर्छु भगवानको कृपा हो मैले गर्ने हैन भन्ने अहंकार रहित कुरा गरेपछि राजाले ती वाख्री दिई पठायो ।

जव भक्तले वाख्रीलाई लगी आफ्नो आश्रममा पुगेपछि ५ दिन सम्म केहि खुवाएन त्यसपछि हरियो घाँस ल्याई अगाडी राख्दै आफ्नो हातमा पनि यौटा लठ्ठी लिई अगाडी वस्न थाल्यो ।

जव वाख्रीले घाँस खान खोज्दछ लठ्ठीले ठूतुना तांकी कुट्ने गर्दथिए एवं रितले १ हप्तासम्म त्यसरी गर्दा ती वाख्रीहरूले हरियो घाँस अगाडी ल्याई राखे पनि हेर्दैनहेरी वस्ने भयो । किनभने हरियो घाँस अगाडी राखेपछि भक्तले लठ्ठीपनि लिई अगाडी रहन्थ्ये लठ्ठी देखे पछि वाख्रीहरू चुपचाप रहन्थी घाँस तर्फ हेर्दैन थियो यसरी १ महिना सम्म वाख्रीहरूको प्राण पनि नजाने यता यसरी वानी वसालेपछि राजाको अगाडी वाख्री ल्याएँ अघाइ खुवाइ ल्याए भनि राखि दिए ।

वाख्री ल्याए पछि राजाले वाकस भित्रको हरियो घाँस लिई वाख्रीको अगाडि राखि दिए भक्तले पनि आफ्नो लट्ठी हातमा लि वाख्री अगाडी

जाँदा वाख्रीहरुले घाँसलाई हेर्दैन हेरी वसे त्यो देखि राजाले भक्तहरुको साधनलाई धन्यवाद दिइ आधा राज्य दिने कबुल गरे भक्तहरुले ती राज्य लिन इन्कार गरे।

साधन बेगर केहि हुन सक्तैन साधन द्वारा सवै कुरालाई त्याग्न सकिन्छ भने वाख्रीलाई साधन द्वारावाट घाँस त्याग गराएको प्रष्ट छ।

भगवान खुसी गर्न दैलेतिकै खुस गर्नु पर्दछ भन्ने कुरा तुल्सीदास कै कार्यवाट प्रष्ट हुन्छ पितृ कार्य गर्न भिष्मपिताहरुलाई पुलस्य मुनिले वताउनु भएको संक्षीप्त पद्म पुराण सृष्टी सडमा लेखिएको संक्षेपमा वर्णन गरिएको छ।

(१) पुलस्त्य मुनीले पितृको वंशको वर्णन सुनाउनु भएको यस प्रकार छ।

स्वर्गमा पित्रृको सात गण छ उस्मा ३ मुर्ति रहित ४ मुर्ति वानमा सवै अमित तेजी हुन।

इनमाजो मूर्ति रहीत पितृ गण हो वैराज प्रजापतिका सन्तान हुन उनी वैराज नामले प्रसिद्ध छ देव गणहरूले भजन गर्दछ।

अव पितृको लोक सृष्टिको वर्णनमा सोम पथनामले प्रसिद्ध केही लोक छ जहाँ कस्यपको पुत्र पितृ गण निवास गर्दछ देवताहरू उनको सम्मान गरि रहेको हुन्छ अग्नीष्वात नामले प्रसिद्ध छ।

यज्वा पित्रृ गणले त्यस लोकमा निवास गर्दछ स्वर्गमा यी भाज नामको जुन तेजस्वी लोक छ वहाँ वहीषद संज्ञक पितृ गण निवास गर्दछ। वहां हजारौ विमानहरू छ र संकल्पतय वृक्षपनि छ जुनसंकल्प अनुसार फल दिनेहरू हुन।

जो मनुष्य यो लोकमा आफ्नो पित्रृहरुको निमित्त श्राद्ध गर्दछ तिनी विभ्राज नाउंको लोकमा गएर वहुतै ठुलो भवनमा आनन्द सुख भोग गर्दछ।

वहाँ मेरो सैकडौ पुत्र छ, जो तपस्या तथा योगवलले सपन्न महात्मा महान सौभाग्य शाली र भक्तको अभय दिनेहरू छ ।

मार्तण्ड मण्उल नामक लोकमा मरिची गर्भ नाउंको पित्र् गणहरू बस्दछ तिनी अगीरा मुनिको पुत्र हुन अरू लोकमा हवीष्मान नामले प्रख्यात छ ।

तिनी राजाहरूको पित्र् हुन स्वर्ग र मोक्ष्य रूप फल दीने हो तिर्थमा श्राद्ध गर्ने क्षत्रीहरू त्यही लोकमा जान्छ काम दुघ नामले प्रसिद्ध लोकमा इच्छानुसार भोग प्राप्ती गराउने हुन । त्यहा सुस्वधनामको पित्र् निवास गर्दछ लोकमा आज्यप नामले प्रसिद्ध र प्रजापती कदमको पुत्र छ । पुलहको दाजुबाट उत्पन्न वैश्य गण उनी पित्र्को पुजा गर्दछ। श्राद्ध गर्नेहरू त्यस लोकमा पुगेछि एकै पटक हजारौं जन्मको परिचित आमा, भाइ बाबु सासु मित्र सम्वन्धित या भाई बन्धुको दर्शन मिल्दछ ।

चौथा पित्र् गण ब्रम्हलोक माथि सुमानस लोक छ जहाँ सोमप नाउले प्रसिद्ध सनातन पितृको निवास छ उनी सवकासव धर्म मय स्वरूप धारणा गर्ने ब्रम्हाजी भन्दा श्रेष्ठ स्वधाले उनी उत्पती भएकोहो ।

श्राद्धमा उनी सबैको लागी चाँडीको पात्र अथवा चाँडी युक्त पात्र प्रयोग गर्नु स्वधा शब्दको उच्चारण पुर्वक पित्र्को निमित्त गरेको दान श्राद्ध पित्र् सधै सन्तुष्ट भै रहेको हुन्छ ।

विद्वान पुरूषले पित्र्को तृप्ती गर्नु ब्राम्हणको हातमा जलमा शिवजीको स्थान नजिक पित्र्को निमित्त दान गर्नु यहि निर्मल स्थान हुन पित्र् कार्यमा दक्षिण दिशामा उत्तम मानिएको छ ।

यज्ञो पवितको सप सब्य अर्थात दाहिने काँध तर्फ गरिएको तर्पण तिल दान तथा स्वधाको उच्चारण पुर्वक गरिएको श्राद्धले पितृ तृप्ती गर्दछ ।

उश, उडय, साठी धानको चामल गाईको दुध, मह, गाईको ध्यू साँवा मंसीरको चामल जौ तिनाको चामल, नू ंग, सेतो फुल यो सर्व पित्रृको प्रिय छ।

श्राद्धमा वर्जीत वस्तुहरू मुसुर सन, मटर, राजभाष, कुलथी, कमल नीब्बु, म्चार, धतुरा, पारीमद्राट, रूषक, भेडा र वाख्रीको दुध, कोदो दाख र कैथ, महुवा, अलसीयो सव पित्रृको निम्ति निशेध मानेको छ। भक्ती भावले पित्रृको संतुष्ठ गर्नेले स्वर्ग प्राप्त हुन्छ पितृको अधिपती सुर्य देव श्राद्धको देवता मानिएको छ अन्न र जल वा दुध फलफुलबाट पितृको संतुष्ट गरि दिनौ श्राद्ध गर्नु पर्दछ श्राद्ध ३ प्रकारको हुन्छ।

नित्य नैमितीक, काम्य, पहिले नित्य श्राद्धको वर्णन सुन्नुस् उसमा अर्घर आवाहनको कृया हुदैन। उसमा अदैव सम्झना गर्नु पर्दछ। त्यसमा विश्व देवताको भाग दिनु पर्दैन। पर्वको दिन जु श्राद्ध गरिन्छ। उसलाई पार्वन भनिन्छ। पार्वण श्राद्ध भाजुमा ब्राम्हण निमन्त्रणा गर्नु योग्य हुन त्यसको वर्णन गर्दछु।

जो पन्चाग्नी सेवन गर्ने स्नातकव्रती सोपणवेदको ब्याकरण आदी छ हौ अंगको ज्ञाता वैष्णवको श्राद्धमा निमन्त्रणा गर्न योग्य हुन।

पतीतको पुत्र, नपुंसक, चुगलौ खोर, रोगीहरू श्राद्धको समयमा त्यागी-दिनु योग्य छ, पीत्रृहरू पुरोहितको सरीरमा वायुरूपले प्रवेश गरेको हुन्छ। क्रोध छोडी भगवान नारायणको स्मरण गरी रहनु पर्दछ श्राद्धको पिण्ड गाईलाई खुबाइ दिनु गाई नपाएमा खेतवाजलमा वहाइ दिनु श्राद्धमा भोजन गर्नेहरूले फेरी भोजन नगरोस।

पितावसुको पितामह रूद्रको प्रपिता मह आदित्यको स्वरूप हो यहि वेदको वाक्य हुन। पित्रृको नाउं र गोत्र नै पित्रृलाई पिण्ड पुऱ्याइ दिने हुन। मन्त्रको सक्ती र हृदयको भक्ति द्वारा श्राद्धको भाग पितृईला पुग्दछ।

पितृमा कुन व्यक्ति केहि जन्म हुन गएको छ उनको कुनै न कुनै नाउं गोत्र देम्र त भै हाल्दछ सुभकर्म योगद्वारा वाबु आमा दिव्ये योनीमा प्राप्त भयको छ भने श्राद्धमा दियको अन्नजल अमृत भयर उस अवस्थामा पनि कुनै न कुनै प्रकारवाट उनलाई प्राप्त हुनेछ ।

उनी वंक्तयोनीमा भाग रूपले पशुयोनीमा घाँस रूपले सर्पयोनीमा पुरूष र यक्ष यौनोना पानरूपले पाउनेछ यहि प्रकार आमा वाबु मनुष्य योनीमा पानरूपले पाँउनेछ यहि प्रकार आना वाबु मनुष्य योनीमा छ भने अन्न पाँन आदि रूपले श्राद्धको अन्न प्राप्त हुनेछ । श्राद्धने तृप्त भएको पित्र् आयुपुत्र धन विद्या राज्य लोकिक सुख, स्वर्ग मोक्ष्य पनि मिल्न सक्छ ।

श्राद्ध गर्न पुष्कर नामको तिर्थमा सवै तीर्थ भन्दा श्रेष्ठ मानिएको छ त्यहाँ गरिको होम श्राद्ध जप सारै उत्तम छ उक्त तिर्थ पित्र् ऋषीहरूको सारै प्रिय छ यिनै सरह शिवा, नन्दा ललिता, मायापुरी हरिद्वार पनि पुष्कर समान छ गंगासागर सवै तिर्थ मय मानिएकोछ, ब्रम्ह सरश्वती, सतलज नदिको जलपान सुद्ध छ ।

नैभिषारन्य मात्र भगवान यज्ञ वराह देवाधी देव शुलपानी वीराजमान छ नैमिषारन्यमा गति गंगाका सनातन श्रोत प्रकट भएको छ ।

अठार भुजा भएको महादेव छतिस देवताको दर्शन नारायणको घाममा पुग्दछ । कोका मुख तिर्थ छ यो इन्द्र लोकसा जाने वाटो हो ।

पाप र पुण्यको फल

पद्‌म पुराण भुमी खण्ड

जुन मानिस वेदको निदा गरि कुलको आचार त्याग गर्दछ र अरूको कुलको आचार गर्दछ र भक्तहरूलाई दुख दिन्छ तिनीहरू पातकी हुन तत्ववेताहरूले ती दुस्कर्मीहरूलाई पातकी नाउँ राखिएको छ ।

. जो आमाबाबुको जिन्दगीको निन्दा गर्दछ बहिनीहरूलाई पिटने गर्दछ भने ती पनि पातकी हुन । जो श्राद आएपछि काम क्रोध अथवा भयले पाँच कोष भित्रमा भएको दीदी बहीनी भान्जाभान्जी ज्वाईहरू बोलाउँदैन अरू नै खुवाउने गर्दछ उसको श्राद्धमा पितृहरूले कैले पनि तेहाँ भोजन गर्न सक्दैन पितृहत्या समान हुन वडो ठुलो पातक भन्दछ।

त्यस्तै दान दिने समय धेरै व्राम्हण आवस त्यसमा १ जनाको दिएछ अरूको दान दिएन भने त्यो दानको फल नष्ट गर्ने पनि वड ापातकी मानेका छन् ।

ब्राम्हण क्षेत्री वैश्य र सद्रको उचित छ की पुजा गरोस जहाँतक हुन सक्छ उसलाई धन प्राप्त गराई देवस ।

श्राद्धको समय निमन्त्रणा गरेका व्राम्हणको अतिरिक्त अर्को कुनै ब्राम्हण आयो भने ती दुवैको भोजन वस्त्र ताम्वुल र दक्षीण समेत गरी पुजा गर्नु पर्दछ श्राद्ध गर्नेको पितृ वडा हर्ष हुने छ । जसले श्राद्धमा ब्राम्हण को यो भोजन गराएर आर पूर्वक दक्षिणा दिंदैन उसलाई गौंहत्या गरे समान पाप लाग्ने छ ।

सर्व प्रथम भागवत पुराणको पुजा गर्नु विष्ण, हरिवंश, मत्स्य पुराण, कुर्म पुराणको पुजा गर्नु उचित छ जो पद्मपुराणको पुजा गर्दछ मधुसुदनको प्रत्यक्ष पुजा हुन्छ । जो गुरूको पुजा विना शास्त्र सुन्न चाहन्छ गुरूको वचन पालन नगरी भङ्ग गर्न खोज्छ गुरूलाई बाद बिबद गर्न खोज्दछ गुरूलाई रोगले पिडा दिएको छ असमर्थ छ विदेशमा छ शत्रु द्वारा गरेको अपमान सुनेर देखेर गुरूलाई छोडी दिन्छ भने त्यो पापी कुम्भी पाक नरकमा निवास हुनु पर्दछ ती पापीं १४ इन्द्रको आयु पुराण नभए सम्म नरक बाट छुटने छैन ।

जो गुरूलाई उपदेश दिन्छ भने ती व्राम्हण घाती समान हुन जो चुक्री लगाई हिंडछ जो सबैको दोष खोजी हिंडन तत्पर हुन्छ ब्राम्ह घाती

समान हुन आमाबाबु गुरूको आदेश नमानेर वनको पशु पंक्षी मार्ने भयंकर पापी मानीएको छ विवाह गर्न योग्य कन्याको विवाह गरी नदिने ठुलो पापी मानिएको छ कसैको छीपीएको पाप ग्रहको अगाडि खोली दिनु गौ हत्या समान मानिएको छ ।

जस्को शरिर आलस्यले व्याप्त भै रन्छ जो वारंवार सुतेको हुन्छ जसले निधो पशुलाइ काममा जगाउँछ वल पूर्वक हाँकदछ धेरै भारी दोकाई दु:ख दीन्छ त्यो महा पातकि हुने जो भोक प्यासमा परी आफ्नाले आएको अतिथीलाई सत्कार गर्दै न त्यो नरकमा पर्दछ ।

छाडी जानु पर्छ यो पिंजरा

छाडी जानु पर्छ पछि यो पिँजरा
किन नलिनु यो हरी नाम
साथी संगती तेरो येकाती रहला
जैल छुटी जाला विती यौ जाला पिंजरा
किन नलिनु हरी नाम ।
छाडी जानु पर्छ यो पिंजरा
जहान वच्चा तेरो घरबार रहला
पाप र धर्म साथ साथै जाला
किन नलिनु हरी नाम
छाडी जानु पर्छ पछि यो पिंजरा
कर्म कर्तु तेरो साथमा रहला
दैवको ईच्छा निश्चय पुऱ्याई हालला

किन नलिनु हरि राम

भाई दोस्तान तेरो उदेर जाला

मन पछु ताउला बितिजाला पिंजरा

पिँजरा किन नलिनु हरी नाम

मेरो प्राण छुटोस्

मेरो प्राण छुटोस भगवान

सन्ध्या कालमा श्री पशुपति

आरती घण्ट वजोस

आर्य घाटमा कलकल जलमा

सितल वायु वहोस

अर्ध जलमा भजन सुनी सुनी

मेरो प्राण छुटोस भगवान

राम नामको केशरी ब्डने

गिता शिरान बनोस

चन्दन लेपन छिनमा तुलसी जलले कण्ठ भिजोस्

राम नाम यो उच्चारण गरी गरी

मेरो प्राण छुटोस । भगवान

आत्मीय जनहरू कोही रोउन

सारा शान्त हवस जगवान

मेरो प्राण छुटोस

बटुवा आफ्नै घर तिन लागे

यस्तो भाव फिजोस

मेरो प्राण छुटोस्

भगवानलाई भेटाउन खुशी गर्न क्रोध लोभ अभिमान भए सम्म पाउन सक्दैन भन्ने निश्चय छ।

शंकर पुरमा बस्ने देव ब्राम्हणको श्रीमती चन्द्र वदन थिए विष्णुदेव पण्डितको काम गर्दथिए पन्डितनीको गर्भ धारणमा पन्डित परलोक भए।

पन्डित नभए पछि उन्की श्रीमतीले असहाय दुःख पाइन त्यसै मौका छोरा पैदा भयो जमानहरू द्वारा वल्न तल्ल कर्म काण्ड सिध्याएका थिए।

हुँदा हुँदै बालक ५ वर्षको भएपछि गुरु कुलमा राखी पढाउन पनि सक्ने सामर्थ भएन आमाको पुकारले दयालु जजमानले पाठशालामा भर्ना गरी दिएछ आर्थिक कमजोरीले गर्दा गुरुलाई खुशी गराउन सकेको थिएन त्यसैले ती पण्डितको छोरालाई गुरुले त्यती राम्रो नपढाए पनि दुःखी हुनाले उन्को मन विद्या उपार्जन गर्नमा नै भएको हुनाले पाठशालाम अरू विद्यार्थीले ती गरीब ब्राम्हणलाई उछिन्न सकेको थिएन।

ततपश्चात सबै धनीक छोराहरू मिलि ती गरीब बच्चा ब्राम्हणलाई पाठशाला आउँदा वीचमा जङ्गल पर्ने हुनाले जङ्गलमा पुगेपछि बाघ आयो भन्दै चिच्याई अरू सबै लडकाहरू अघि दगुर्दै जाने गर्दथिए।

ती गरीब ब्राम्हणको छोरा निबल तागत थिएन अरू साथी भन्दा धेरै पछि पर्दथ्यो। एक्लै जङ्गलको बाटो सारै अतासी थियो घरमा पुगेपछि आफ्नी आमासंग साथीहरूले जङ्गलमा बाघ आयो भनि अत्याउन लागी जाने गर्दथियो मलाई सारै डर लाग्छ भनी आमासंग कुरा गर्दा।

गरीव ब्राम्हको आमा भन्दछीन बाबु मँ ढीकी जाँतो गरी तिमीलाई पालनाल गर्नु पर्दछ अरू हाम्रो सहायत कोही छैन बाबु तिम्रो साथीहरूले तिमीलाई जङ्गलमा छोडी जाने गर्दा तिमीलाई डर लागे कृष्ण दाई मलाई रक्षा गर्नु भनी जोरसंग पुकार गर्नु कृष्ण आई रक्षा गर्ने छ भनि आमाले भनेपछि आमाको बचन मानी छोडी जाँदा बालक ब्राम्हणले जङ्गलको अत्यासले जोरसंग चिच्याउँदै कृष्ण दाई मलाई रक्षा गर्नु होस

भनि वरावर कराउने गर्दा गर्दै पिताम्बरको धोटी पहिरीरहेको हातमा मुरली लिने मनोहर मूर्ति वाला कृष्ण आई पऱ्यो भनि बृाम्हणको अगाडि आई भन्नु हुन्छ ।

वालख बृाम्हण भन्दछ घरसम्म पुऱ्याई दिनु पर्यो भने पछि मानिसहरूको आवागमनको स्थान नजडिकमा पुराउने गर्दथियो बच्चालाई जङ्गल डर लग्दो थियो र जोर संग कृष्ण दाई भनि जङ्गलमा पुकार गरेपछि कृष्ण दाई जुन समयमा पनि आउनु हुन्थ्यो ।

एवं रीतले १ समय पाठशालामा सरश्वति पुजा जाने समयको आयोजना हुनाले सबै लडकालाई मास्टरहरूबाट फलफुल रोटी यठा सके ल्याउनु भनि आदर गरेको थियो ।

वृाम्हण वालकले पनि ली जानु पर्ने हुन आयो आमा संग भन्दा विहान बेलुका हात मुख जोर्न समस्या छ तिम्रो निमित्त केही दिन सक्दैन उही कृष्ण दाई संग माग्नु भन्ने आमाको वचन मिल्यो ।

वालख वृाम्हणले पुकार गर्दा कृष्ण दाईसंग भन्नु हुन्छ सरश्वती पुजा गर्नु यस बाटै आउनु पर्दछ मलाई बोलाउनु र दिई पठाउला भन्नु भएपछि पुजाको दिनमा सबै लडकाहरू लि. हिंडेको देखा पर्न लाग्यो आफुसंग केही नभएको देखि बृाम्हण वालख जङ्गलमा सारै जोर पूर्वक कृष्ण दर्दको पुकार गर्न लाग्यो पछि कृष्ण दाईले १ चौठाईसम्म जाने माटोको गवुवामा दहीं ल्याई बाम्हण बच्चालाई दिनु भएपछि वच्चा भन्दछ दाई सबै साथीहरूले पाठा पाठी भन्दा बढी दही रोटीका किस्तीहरू लगे म गरीब हुनाले केही लगीन तपाई कै आधारमा आएको छु यती १ चौठाई दही कसैले लिने छैन भन्दा कृष्ण भन्नु हुन्छ बाबु यती दही भए पुग्छ हामी गरीवले धेरै लैजानु हुदैन भन्नु भए पछि ती बृाम्हणले १ चौठाई दहीको गमुवाली सदश्वती पुजामा सामेल हुन गयो अरु धनी वर्गका छोरा छोरीहरूले धेरै दही रोटी केरा लीई आएको हुनाले माष्टरहरूले ती धनिका

छोरा, छोरीहरूले ल्याएको दही केरा रोटीहरू मात्र लिई स्वीकार गरे गरीव ब्राम्हणले केही भन्न नसकेको लाजले कुनामा त्यसै बसी रहेका थिए ।

पुजामा गएको सबै विद्यार्थीहरूलाई खुवाय तर केही बाँकी हुँदैमा दही सकिएछपछि त्यसै बेला गरीब ब्राम्हणले केही दहि ल्याएको कुरा मास्टरहरूमा याद आयो ।

ती वच्चाको गबुवाको दहि सानु भाँदामा खनाइ लिदा ती भाँडा भरियो दही बाँकी भयो त्यस्तै अरू सानातीना भाँडा सबै भरियो हुँदाहुँदै ठुलो भाँडाहरू पाइन त्यस बखत ब्राम्हण बच्चालाई माण्टरहरू भन्दछ यो दहि कहाँ बाट कस्ले दिएका हुन ।

वच्चा भन्दछ मेरो कृष्ण दाईले दिनु भएको हो भन्दा माण्टरहरू भन्दछन कृष्णदाई कहाँ वस्नु हुन्छ मलाई भेटाई दिन सक्छु भनेपछि मास्टर पनी जङ्गलमा जाँदा बच्चाले देखि माण्टरको हात समाई कृष्ण दाईको हातसंग जोडी दिदा पनि माण्टरले देखेन र भेटाउन सकेन ।

मायामोह लोभमा फसेका मानिसले भगवानलाई कहाँ भेटाउन सकिएला ब्रास्हण बच्चासंग लोभ क्रोध केही नभएको भनि सम्झी माण्टर गए ।

चारधाम तीर्थहरू जाँदा

गया, फाल्गुनदि, यजाधर नाथ, श्री विष्णु चरणमा पदुका बौद्धगमा, क्षयबट गरूड दर्शन ।

कलकत्तामा हवडा

चौरगी, काली, विरला पैलेटोरीया, मेरारीपल, तारकनाथ, गंगासागर, गंगा श्री, जमुना श्री, कपीलदेव, जगन्नाथ, कोर्णकहीरोणी

कुण्ड । अरूण स्तम्भ, बृम्हयासन भंडप, चक्र तिर्थ, वडी हनुमान चक्रनारायण ।

कर्नान्तक

सुर्य मन्दिर, वार चक्रको सूर्य रथ, सुर्य चक्र, भव्य मन्दिर पुरीबाट जाने, **भुवनेश्वरः**– विन्दु सरोवर, पाप नासिनी, गंगा, यमुना, कोटी तिर्थ देवी ।

पापहरा मेघतिर्थ अलाबुतिर्थ अशोक कुण्ड, वृम्ह कुण्ड श्री लींगराज-मंदीर पुरीवाट जाने ।

मद्रासः– पार्थ सारथी जी को मन्दीर कपिलेश्वर जि मंदीर, फोर्ट वीलीयम किल्ला मैरोना चिना वजार आर्को नाम यहि वाट शिव कान्छी, विष्णु कान्छी र श्री तिरुपति वालाजी वस वाट जाने ।

त्रीचनापल्लीः– कावरी स्नान गणेशजीको मंदीर रंगनाथ शेषनाग माथि भगवान नारायणको दर्शन रंगनाथजी गोल्डेन राकमाथी, विनायक जम्वुकेशर जल वत्तालीमग सप्त गंगा स्नान मदुराईः– महाविशाल धर तीमाथि स्वर्ण श्री मिनाक्षी मन्दिर प्राचिन कदम्बे वृक्षी सहश्र मण्डप जलतर्र वृद्धान स्तम्भ, अँधेरा मण्डप, श्री स्वकर्णाणी सरोवर ।

श्री रामेश्वर शिव मन्दिर र परीक्षा, गंध माधव, सती यही पर्ततवाट हनुमान जी कुडेर समुद्र पार गरेर लंकामा पुगेको थियो । श्री राम भरोशा लक्ष्मण तिर्थ भगवानको शयन राम सेतु समुद्र स्नान समुद्र माथि १४२ खम्वा दाला पुलको दृश्य धनुष कोटी स्नान ।

टिस्नेल भली: र यहाँबाट कन्या कुमारी शुष दूम, लवना रावण तथा केप विश्व प्रशिद्ध सुर्योदय दर्शन अरव सागर वंगोपसागर हिन्दु महा सागर कानिवेणी संगम् ।

त्रिपतीवालाजी: त्रिपती बालाजी द र्शन ती रूपलाई यसै पर्वत म थि राजा दशरथले पुत्र प्राप्तको लागि तपस्या गरेको । आकाश गंगा पाताल गंगाको स्नान ।

नासिक:– पञ्च बटी गोदावरी स्नान, कपील मुनी आश्रम यही स्थानमा सुपनखाको लक्ष्मनजिले नांक काटेको थियो ।

बम्बई:– देवीजीको संदीर, महालक्ष्मी जीको मंदिर एलीफेन्टा गुफा तुलसी तलाउ मछली घर एक्वेरिवम्, कमलानेहरूपार्क, इन्डीया गेट म्यूजीयम आदि ।

अहमदाबाद:– महात्मागान्धीको सावर मती आश्रम ।

श्री द्वारीकापुरी:–द्वारिकाधिस, रूकमणि गोपितलाव, नागेश्वर ज्योती लिङ्गनरसिंह जी को हुन्दी स्वीकार स्थान, स्याप सरोवर, शारदा मठ, सुनको क्षरीका, मत द्वारीका कृष्ण सुदामा भेट, साक्षी गोपाल, रणछोडजी, उज्जैन:– सीप्रानदिस्नान महाकालेश्वर दर्शन भरयी गुफा, मथुरापुरी यमुना स्नान बर्साना कंश किल्ला, गोवर्धन, द्वारीका धिस बाँके विहारी जीको मन्दीर सके ८४ कोशपरिक्रमा ।

नयाँडिल्ली:– लक्ष्मी नारायण मन्दिर, पाण्डव किल्ला, संसदभवन, राष्ट्रपति भवन, चिडिया घर, लाल किल्ला, रामघाट महात्माको समाधि, शान्ति भवन, नेहरूको समाधी, कुटुमीनार ।

कुरूक्षेत्र:– सुर्य कुण्ड, गिता उपदेश स्थल, वान गंगा, महाभारत युद्ध स्थल ।

हरीद्वार:– ब्रम्ह कुण्ड, हर किमैदि गंगा स्नान, यहिंवाट ऋषी केश ।

ऋषी केश:– भारत मन्दिर, स्वर्ग श्रम शंकरजी कार्य सुरादश प्रजापतीको यज्ञ स्थल, कनक खलमा वद्री केदार, गंगोत्री यमुनोत्रीको प्रमुख द्वार हरीद्वारवाट नै जानु पर्दछ ।

बारानण:– श्री विश्वनाथ गंगा स्नान, विश्व विद्यालय, सारनाथ सामनगर, हरीचन्द्र घाट, तुलसी मानस मन्दिर, प्रेत कुण्ड ईत्यादि ।

इष्टेसन

रक्सोलवाट : मजफरपुर
मजफरपुरवाट : पटना.
पटनावाट : गया,
गयावाट : कलकत्ता,
कलकत्तावाट : जगनाथपुरी
जगनाथपुरीवाट : गंगासागर,
गंगारवाट : मद्रास,
मद्रासवाट : इरोड,
इरोडवाट : ट्रीचिरापल्ली,
ट्रीचिरापल्ली : मदुराई,
मदुराइवाट : टिरू मेलमैली,
टिरू मेलमैली : मदुराई,
मदुराईवाट : रामेश्वम्,
रामेश्वरम्वाट : ट्रीचिरायल्ली,
ट्रीचिरायल्लीवाट : इरोड,
इरोडवाट : आरको नाम,
आरको नामवाट : मिटियु,
व : मिटियुबाट : नासीक पु,
नासीक पुवाट : भूसावल,
भूसावलवाट : सुरत,
सुरतवाट : अहमदावाद,
अहमदावादवाट : हाथा,
हाथावाट : द्वारीका,
द्वारीकावाट : हाथा,

हाथावाट : अहमदावाद,
अहमदावादवाट : उज्जैन,
उज्जैनवाट : नागदा,
नागदावाट : मथुरा,
मथुरावाट : नयाँ दिल्ली,
नयां दिल्लीवाट : कुरूक्षत्र,
कुरूक्षत्रवाट : हरीद्धार;
हरीद्वारवाट : लखनउ,
लखनउवाट : वनारस,
वनारसवाट : पटना,
पटनांवाट : वरौनी,
वरौनीवाट : मुजफरपुर,
मुजफरपुरबाट : रक्सोल ।

हरी भजनले खुसी हुन्छ

हरी भजनले खुसी हुन्छ (धु)
कोहि पुष माघको तुसारो
वाग्मतिमा डुव्कन्छन
पाँच आच विप्र वस्छन
कोहि कोमल पाक खियाई
मन्दिर मन्दिर मडकन्छन्
कोहि नीजर्लनी राहार बसी
देहलाई दुख दिन्छन्
कोहिमा लानी त्यसै फिराई
आँखा चीम्ली जप गर्छन

कोहि पद्न सनमा वसीकन
बृक्षमुनीमा तप गर्दछन
कोहि थोत्रा स्तोत्रहरु
के के गुण गुण गुण गुण गर्छन
कोहि घन्टौ घंटी पुजा टीन टीन टीन गर्दछन् ।
वेद उपनिषद पुराणाको
सार यहि हो हरिको नाम
आफ्नो सानो कुटीमा नित्र
बसन सारा तिर्थधाम
शंख चक्र गदापद्म लिइ
उनी अगाडी उभिन्छन
ज्योति पुजनी रन्जन मुर्ति
आई दर्शन पनि दिन्छन् ।
हरी भजनले खुसी हुन्छन ।

मोहन प्रेमबीना

मोहन प्रेम बिना नहिमिलता
चाहेकरले काँटी उपाए
मिलेन जमुना सरस्वतीमा
मिलेन गंगा नुहाय
प्रेम सरोवर मँ जव डुवे
प्रभुको झलक देखाए
मिलेन पडीत और ज्ञानीको
मिलेन ध्यान लगाई
अढाइ अक्षर प्रेम पढेता

तिम्रो गुण खाली छ पन्छी
कहाँ होला भेट, कृष्ण कैले होला भेट
तिमी पन्छीतरूवर वासी
म तछस्वी देह निवासी
आउमिली जुली वंशी वजाउ
निधुवन जाउं रास रचाउ
होला कहिले भेट, कृष्ण
श्रावण आयौ तिमी आएन
वीकल भएरसव झुला। बरसन लागे
अश्रुधारा। होला कहिले भेट
सुखको सपना, दुखको विपना
कति धाउँछ यो दुखि मनमा
होला कहिले भेट,
मनको ब्यथा बुझ्दैन कसले
हायकथँ भन्दछ कसले। होला कैले भेट।
जो छ बुझ्ने बुझ्दैन त्यसले
होला कहिले भेट।। कृष्ण

प्रेमले भजनु राधेश्याम

प्रेमले भजनु राधेश्याम
सफल हुनेछ काम तमाम
द्रोपदीजाको वस्त्र तानी
देइजत्त पार्ने मनमा ठानी
शरण परिन जब दयालु जानी
सारी वनेतव श्री घनश्याम

प्रल्हाद देखि दैंत्यरीसाइ ।
मार्नै आटे खडग समाइ
नाम रामको रहे पुकारी
प्रगट भए हरि फोरी धाम
ग्राहको मुखमा गजेन्द्र पर्दा
मर्नै लागे लडडालडडा
नाम लिइ हरि निश्चय गर्दा
डौडी आए श्री भगवान
वालख ध्रुबले हेला पाइ
वनमा खोज्दै धाइ धाई
आखिर प्रभुको ध्यान लगाइ
ध्रुव पद पाए सुख विश्राम
भुप नहर्ने चोर नचोर्ने
जल अग्नीले केहि नगर्ने
जनम जनमको कलमष हर्ने
प्रेम भक्तीले जप श्री राम ।

✷

भजो नारायण भजो नारायण

भज नारयण सज्जन हो

१) मर्नु छ निश्चय भोली की पर्सी
चाहिन्छ सहारा उसदिनको
२) क्षण पल घडी दिन सांझ विहान
घडी घडी नाम भज वरू छोड खाना
३) काल जमाउछ खेल तमासा

आयुघटे तर घटदैन आशा

४) देह हुनेछ नाङ्गो केहि हुदैन
नाउं वाहेक अरू सम्पति हुदैन

५) चितामा राखि देह जलाउन
सम्झन्न त्यो दिन मन आशैमा जान्छ
भजो नारायण भजो नारायण
भजो नारायण भज सज्जन हो ।

६) घरद्वार त्यागी जोगी हुन थाल्छन
तेही जोगी पछि भोगतिर ताक्छन

७) हुने छैन पछि जोगी भएको सार
घर परिवार सम्झी जान्छ द्वारद्वार

८) साधन वेगर जोनगरि टार वार
दिन मात्र खेर गयो त्यसैको वारवार
भजो नारायण भजो नारायण भजो नारायण ।

बुद्ध

विश्वका तारा हाम्रो सहारा २
हे बुद्ध भगवा २
आयौं प्रभुको चरण सरणमा २
गर्दै प्रभुको ध्यान २

विश्वका तारा

छैन कोहि ज्ञानको ज्योति
सत्य दिलाउने हामीलाई १
प्रेम नै छन हाम्रो बौधीको ज्ञान १
जगमा फिजाउने ज्ञानलाई २
विश्वका तारा हाम्रो सहारा
लेउ शरणमा देउ ज्ञान १
भक्तको दुख हटाउन १
आयौं सत्ये मार्ग देखाई १
देउ मोक्षको यान २
विश्वका तारा हाम्रो सहारा ।

श्री कृष्ण लीला

रचना :- अनिता श्रेष्ठ

हेरन श्यामले लीला रचायो
वृन्दावनमा खुशीले छायो
कुञ्ज गलीमा दही चोरी खायो
श्यामले धुमधाम मचायो
राधाले जव मधुवन धाए
श्यामले मधूर वशी बजाए
ग्वालवाल सव अति रमाए
मधुवनले अब फूल वर्षाए
वृन्दावनमा पूर्णीको रात
गोपीवरू मिली श्यामको साथ
लिए सबले हातमा हात
रास रचाए अनाथको नाथ

नतवर नतै समाय
मोहन प्रेम वीना नहि मिलता
चाहेकरले कोटी उपाए
मिलेन मन्दिर मसजीत मै
मिलेन अलख जगाए
कहत विन्दु गोश्वामी
भक्तौको सनमान मोहन प्रेम विना नहीं मिलता ।

सरणागती

यो लोक परलोकका दुखबाट छुटकारा पाएर नित्य अखण्ड परमानन्द को प्राप्तका निमित्त भगवानको सरणागत नै मुख्य उपाय हुन । एक पटक सर्वभावले आफ्नो परमात्माको चरणेमा अर्पण गर्दछ, त्यो सबैको लागी निर्भय निश्चिन्त परम शुखी हुन्छ, उसको योगक्षमको समस्त भार भगवान स्वयं बहन गरिदिनु हुन्छ । स्वयं केवट बनेर ससार सागरको जालबाट उतारी सुरक्षित तरीकाले परमानन्द धाममा लगी दिनु हुनेछ उसले कुनै कुराको चिन्ता गर्नु पर्ने छैन ।

सरणागती भन्ने शब्द वाक्य प्रयोग गरेरमात्र छैन फेरी चुप लागी वसी रहनु पनि सरणागती हैन । सरणागतीमा क्रिया त्याग गर्ने त प्रश्नै छैन । सरणागती भक्त त आफ्नो अहं र अहं संग सम्बन्ध हुने सुक्ष्म भन्दा सुक्ष्म भावको पनि परमात्मालाई अर्पण गरी दिन्छ ।

उसको मन बुद्धि सारा क्रियाहरू परमात्माको मन अनुकुल हुन जाने छन यसै प्रकार मन बुद्धि इन्द्रीय शरीर समस्त प्रपन्च सहित सर्वभावले समर्पणनै सरणागतिका स्वरूप हो ।

प्रभुको हातमा आफु सोपी दिएपछि भय चिन्ता हुनेछैन ।

सरणागतीको साधनमा साधकले चार कुराको ध्यान राख्नु पर्दछ।

१) जुन परमात्माको सरणागत ग्रहण गर्दछ उसको निरन्तर समरण राख्नु।

२) उसको इच्छाया आज्ञानुसार जीवन वनावनु।

३) जे जस्तो प्राप्त हुन्छ उसको संन्तुष्ट रहनु।

४) कुनै पदार्थको चाहना नराख्नु यस्तो जति भाव बढ्दछ सरणमा अग्रसर भं रहने सम्झनु।

वैराग्य

वैराग्यको कुरा वैराग्यवानले नै भन्न सक्छ किन भने वैराग्यवान पुरूषका साथ वैराग्य मुर्तिवान भएर हिड्दछ उनी जुन वाटो हिड्छ त्यहि वाटो वैराग्यको वारि आउँछ। वैराग्यवान पुरूषको आँखावाट वैराग्यको लहर चारौ तर्फ फैली रहन्छ। जुन मानिसको हृदयमा वैरागको भाव जागृत हुन्छ उसको तिव्र हुन्छ। वैराग्यकोसाथ उपरामता एवं ध्यानको अविछिन्न सम्वन्ध छ। अघिअघि वैराग्य उसको पछि उपराम तथा यी दुवैको पछि परमात्माको ध्यान हो।

वैराग्यवान पुरूषको दर्शनमात्रले वैराग्य उत्पति हुन्छ वैराग पुरूषको प्रवचनले वेश्या पनि वैराग्य भएका थियो।

अब समाज सुधार प्रभु

अब समाज झट सुधार प्रभो
सवदिनको दुखटार प्रभो
अवला पगला सब दुखि मऱ्यो
जसको वल यो उसको सव भो
व्रत नियम सु संयम प्रेम घट्यो

नीतयोग र पाठ अनेक टुट्यो
वरणाश्रमको धर्म घटयो
सुख शान्ति विवेक विचार छुट्यो
नत न्याय यो नत मान रहयो
झन कुटनीती वेवहार भयो
कसको भरमा अब को परने
सतमार्गमा पनि कसरी अडने
अब जात कुजात भने नहरे
द्वीज ब्राम्हण पुल्कस एक भए
झन भक्ष अभक्ष चपाइ लीने
सब हिन्दु समाज मिटाइ दिए
परमारथ शास्त्र विवेक नभै
अब स्वारथ शास्त्र प्रचार भई
क्षण सुख निम्ती भुलेर सदा
प्रभु याद भएन मनुष्य भई

★

जगते सारगुहरीयानाँ

जगते सारगुहरीयानाँ ॥ ध्रु ॥
कस्यप स्यायत नरसिंह जुया दील
तछ्याना लोथ यायाँ
कीसीया कण्ठ तंकावालवं,
कपा छफो पलेस्वां जगते
द्रोपती यागु इज्जत कायमफु
पसिन्छ्याको हे सा साँ

ब्याधायात मुक्तयानबिल
अखतं नांकासां-जगते
सवरी यागु वयर नयावील
क्वजात चींपसां
विदुरयाछें पाहां जुयानल
केराखोला काकाँ
भक्ती भाव यायव खुसीजुइ
झिके छुं मदु सां-जगते
फक्व प्रभु या नाँ मुँकाका
पुल्यम्वागु दाँछी दाँ।

दया धर्म याय् फतले

दयाधरम या फतले
नीन्हु प्यन्हुया थ्व ज्यू दतले
पछुतावे जी औसर वंका
अभ्यन तरया ज्ञान खँका
लोमंके मते न्ही नतले
रत्न युजोगुतन झीगु
मनँतुनाथें सिद्ध यायज्यूगु
बनी न्ही औसर द्यंतले । दया
अभीमान तोती प्राण
छन्हु तोतावने मानी
थ्व संसारी सतले ।। दया

गोपी वीलौना

होला कैले भेट कृष्ण ।। धु ।।
दिन बितेमा सवीते, वीते वर्ष अनेक

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमदः नुच्यते, पूर्णस्य, पूर्ण मादाय पूर्ण मँ वा वशीष्यते ।

१. संसार समुद्रमा लिन चाहने डुवेर जान्छ जस्ले दिन चाहन्छ त्यो तरेर जान्छ ।

२. शरीरको आवश्यक पूर्तिको निमित्त अनेक प्रवन्ध इश्वरले गरी दिनुभएको छ तर तृष्णाको पूर्तिको निमित्त कुनै प्रवन्ध छैन ।

३. मनुष्यहरू आसक्ती लिएर संसार संग सम्वन्ध जोडी रहन्छ संसार कैले जोडदैन ।

४. यदि परमात्माको प्राप्ती चाहनेले भोग र संग्रहलाई महत्व दिन हुदैन ।

५. संसारसंग मिलेमा संसारको ज्ञान हुन सक्न तर परमात्मासंग अलग रहेमा परमात्माको ज्ञान हुन सक्दैन ।

६. श्रद्धा, उत्साह, प्रेम, निस्कामले निरन्तर शान्ती हुन्छ ।

७. हामीलाई सुःख सुविधा पाइ रहेको संसारको सेवा गर्न मिलेको हो ।

८. सुःख भोग्न नरक सुख दुःख भन्दा माथि आनन्द परमात्मा प्राप्ती यो मनुष्य लोक हो ।

९. प्राणी मात्रको हितमा जस्तो प्रेम छ उस्को निमित्त भगवान भन्नु हुन्छ त्यसलै मलाई नै प्राप्त गर्दछ । तै प्राप्नुवती मामेव सर्वभुत हितेरता (गीता १२।४)

१०. जो गृहस्थी छोडेर साधु हुन्छ उसलाई त्यागी भन्दछ तर असल त्यागी उनै हुन् जो आफ्नु आराम, लोभ वडाई आराम सुख अरूलाई देवस् ।

११. भोगले कैले तृप्ती हुदैन, उसले वास्ना बढदै जान्छ भोग्नेलाई नै भक्षण गरी दिन्छ ।

१२. सच्चा यज्ञ भगवान प्रसन्न जगत कल्याण गर्ने हुन ।

१३. सच्चातप धर्मको निमित्त प्राणलाई वलिदान दिने ।

१४. सच्चा दान दिन:फल दिने त्यस्मा यथार्थ त्याग होस् ।

१५. सच्चा जीवन केवल प्रभूको सेवा र लोक हितमा लागि रहोस् ।

१६. सच्चामरण जो काललाई सदाको निमित्त मार्ने ।

१७. सच्चा त्याग जुन त्यागको सम्झनालाई पनि त्यागी दिनु ।

१८. सच्चा वैराग सवैलाई मनमा राख्न नदिई निकालोसर प्रभू सेवाको लागि एकान्तमा तयार भै रहनु ।

१९. सच्चा विश्वास जो विपत्ती र नासमा पनि प्रभू कृपाको दर्शन गराई रहोस् ।

२०. सच्चा सत्य कैले नमेटोस् भएर हानीमा पनि प्रकाश रहोस् ।

✳

चिरि चाच जल लैगई
नदिन धत्यौनीर
दानकिय धन न घटै
कहिगय दाश कविर
तुलसी पंक्षिन के लिय
घटैन सरूवर निर
धर्म किंय धन घटे
जो सहाय रघुविर

अर्थ

नदी सरोबरको पानी
पंञ्छीले पीएर सुक्दैन
धर्म गर्दा पनी धन सकिदैन

२१. सच्चा योग जो जीवको सत्य सच्चिदानन्द रूप भगवान संग नित्य संयोग गराई दिनु ।

२२. सच्चा धन नित्य प्रभुको सेवा म नियुक्त रहोस् ।

२३. सच्चा वन्धु सुख दुःखमा समान प्रेम गरोस् । साथ नछोडोस् ।

२४. सच्चा मन्त्र प्रभुसंग तुरून्त मिलाई देवस् ।

२५. सच्चा भजन प्रभूको भजनमा निरन्तर प्रेम लागि रहोस् ।

भगवान प्रत्यक्ष दर्शन हुन सक्छ

जस्तै सत्य युग आदि युगमा ध्रुव प्रल्हादले दर्शन पाएको प्रमाण पाउछौ उस्तै कलियुगमा पनि सुरदाश तुल्सी दाशहरूले पनि प्रत्यक्ष दर्शन पाएको इतिहास पाउछौ । विष्णु पुराणमा त सत्य युगमा भन्दा कलीमा भगवानको दर्शन पाउन अति सजिलो बताएको छ ।

सत्य युगमा निरन्तर ध्यानले त्रेतायुगमा यज्ञद्वारा, द्वापरमा प्रजा उपासना गरेर परम गति प्राप्त हुन्छ कलि युगमा त्यस्तो दुःख गर्न नपरिकन केवल नाम किर्तनले मिल्न सक्छ ।

— जस्तै सुकेको लकडी जले पछि अग्नी प्रज्वल भएर जल्दछ त्यस्तै प्रकार सच्चा हृदयवाट प्रेमले पुकारा गर्दा गर्दै भगवानको प्रेममय नामोच्चरणको गंभीर ध्वनीको प्रभावले भगवान प्रकट हुन्छ महर्षि पतन्चलिले पनि आफ्नो योग दर्शनमा भनेका छन् ।

स्वाध्यायादिष्ठ देवतासंग प्रयोग । नामोच्चारणले इष्टदेव परमेश्वरको साक्षात दर्शन हुन्छ जस्तो सत्य संकल्लका योगी जुन वस्तुको निमित्त संकल्प गर्दछ त्यही वस्तु प्रकट भै हाल्छ, उस्तै शुद्ध अन्तस्करण वाला भगवानको सच्चा आनन्द प्रेमी भक्त जुन समय भगवानको प्रेममा मग्न भएर भगवानको जुन प्रेम मयी मुर्तिको दर्शन गर्न इच्छा गर्दछ उसै रूपमा भगवान तत्काल प्रकट हुन्छ ।

गिता अध्याय ११ श्लोक ५४ मा भगवानले भन्नु हुन्छ ।

भक्तत्यात्वनन्यया शक्य अहमेबविधोर्जुन ।

ज्ञातुँष्टुचत्वन प्रवेष्टुंचँ परँतप ।।

हे श्रेष्ठ अर्जुन अनन्य भक्ति गरेर यस्तो प्रकार चतुर्भुज रुप भएको प्रतक्ष देखनको निमित्त तत्वले जान्न एकै भावले प्राप्त गर्न दृढ भक्ति गर ।

जस्तै यौटा प्रेमीले अर्को प्रेमीसंग मिलन हुन कतिकौ प्रयास गर्दछ त्यस्तै भगवान पाउन धेरै उपायहरू मध्ये सर्वोतम उपाय सच्चा प्रेम यसैलाई शास्त्रकारहरूले अव्यभिचारीणी भक्ती, भगवानमा अनुरक्ति प्रेमाभक्ति विरूद्ध भक्ती आदि नामले बताएका छन् ।

जब सत्संग भजन, चिन्तन, निर्मलता, वैराग्य, परमेश्वर विषयक व्याकुलताले विसुद्ध प्रेम हुन्छ ।

भगवानमा विश्वास नै छैन, कसैलाई अलि विश्वास हुन खोज्दैमा विषयको सुख लिप्त भइरहेका कारण भगवात मिल्ने प्रभाव यत्नको जान्न चाहे पनि क्षणिक भक्तिले नै बसिदिन्छ र थोरै साधनले निरास भइरहेको हुन्छ पैसा कमाउने वरावर भक्तिमा परिश्रम गर्दैन ।

कसैले कति परिश्रम गरे पनि दर्शन पाइन भन्दछ तर जस्तै ज्यान जाने भयो भने ज्यान बचाउन कति उपांय गर्दछ त्यस्तै भगवान दर्शनको निमित्त के उपाए गरेको थियो ।

जो मनुष्य शर सयांमा बस्दा पनि पितामह भिष्मले जस्तै भगवानको ध्यानमा मम्त भइरहे जस्तै भगवान पनि उनको ध्यानमा मस्त हुन्छ गीता अध्याय ४ श्लोक ११ मा पनि भगवान भन्नु हुन्छ ।

ये यथा माँ प्रपद्यन्ते स्तयवभजाम्य हम् ।

हे अर्जुन, जस्ले जस्तो मलाई भज्दछ म पनि उनको उस्तै भज्दछु भगवानको तिरन्तर नामोच्चारणको प्रभावले जब क्षण क्षणमा रोमान्च हुँदै आउने छ तब उस्को सम्पूर्ण पापको नास भएर उसको भगवानको सिवाय अरू कुनै वस्तुमा प्रिय नलाग्ने छैन ।

वीरह वेदनाले अत्यन्य व्याकुल भएको कारण आँखावाट अश्रु धारा वहन थाल्दछ तब त्यस्ले त्रैलोक्य ऐश्वर्यको लात मारेर गोपीहरूले जस्तै पागल जस्तै पागल जस्तै भएर जलबाट बाहिर निकालेको माछा समान भगवानको लिए छटपताएको हुने छ त्यसै समयमा ।

आनन्द कन्द श्याम सुन्दर मोहिनी मूर्तिको दर्शन हुने छ यही हो प्राप्त हुने सच्चा उपाय । कसैलाई भगवान पाउन सच्चा इच्छा छ भने रुकमणि, सीता तथा बज्रवालाहरू ले जस्तै सच्चा प्रेमको हृदयले भगवान पाउन विलाप गरोस् ।

कलि युगमा साक्षात दर्शन पाएका व्यक्ति देखन पाउने छैन । यदि दर्शन पाएको भए जस्तै प्रल्हाद भक्तको जस्तै दर्शन पाए पछि लोक प्रसिद्ध आफै भइहाल्ने छ तर भगवान प्रति विश्वास हुनु नै प्रेमको चिन्ह हो ।

मानसिक पुजाविधि गीतामा

अपिचैत्सु दुराचारो भजतं मामनन्य भाव ।
साधुरेवस मन्तव्य सभ्य काव्यव सितो हिसं
क्षिप्रं भवति धर्मात्मा शश्वच्छा न्तिनिगच्छती ।
कौन्तय प्रति जानिही नभे भक्त: प्रणश्यति

गीता (९।३०।३१)

यदि कुनै अतिशय दुराचार पापात्मा पनि अनन्य भावले मेरो अनन्य भजिरहेको हुन्छ भने त्यो साधु नै मान्न योग्य हुन किन कि त्यो निश्चय वाला हुन् । त्यसैले उनी यथार्थ निश्चय गर्ने हुन् ।

त्यसैले त्यो छिटो धर्मात्मा हुने छन् र पर शान्ति प्राप्त हुने छ। हे अर्जुन निश्चय पूर्वक सत्य जान मेरा भक्त नष्ठ हुन सक्दैन ।

जीवात्मा परमात्माको आश्चर्यमय सगुण रूपको ध्यानमा आफ्न मनै मनले प्रभूका शोभाको वर्णन गर्दछ।

अहा कस्तो चरणा र विन्दको निलमणी जस्तो चम्कदै अनन्त सूर्य को प्रकाशित भै रहेका छन् चम्की रहेको नङ्गले युक्त कोमल ओला रत्न जडित सूवर्णको नुपुर शौभाय मान छ।

त्यस्तो भगवानको चरण कमल जाने र जाँधको शरीर पनि निलमणी जस्तै पिताम्वरको भित्रवाट चमक आइरहे छ सुन्दर ४ भुना कस्तो शौभाग्य मान छ ।

माथिल्लो २ भुजामा शंख र चक्र तल्लो २ भुजामा गदा र पद्म विराजमान छ चारै भुजामा कडा आदि सुन्दर सुन्दर आभुषण शौभित छ।

भगवानको वक्षस्थलको मध्य भागमा श्री लक्ष्मीजीका र मृगु लता चिन्ह विराजमान छ र मोती र वैजयन्ती तथा सुबर्ण भाती भातीका पुष्पहरूको माला सुशोभित छ सुन्दर नासिका छ र अग्रभागमा मोति विराजमान छ।

भगवानको दुवै नेत्र कमल पत्रको समान विशाल र निल कमल पुष्प जस्तै खेलिरहेको हुन्छ कानमा रत्न जडित सुन्दर मकराकृत कुण्डल र ललाटमा श्री धारी तिलक र शिसमा रत्न जरित किरिट (मुकुट) शौभाय मान छ।

भगवानका मुखारवींद पूर्णिमाको चन्द्रमा जस्तै गोल गोल मनोहर जस्को चारौं तर्फ सूर्यको सदृश किरणको देदिप्य मान छ जस्को प्रकाशले मुकुट र सम्पूर्ण भूषणको रत्न चम्की रहेको हुन्छ मुसु मुसु हाँसिरहने आनन्द मूर्ति हरि भगवानको ध्यानमा आफ्नो सनमुख सवाहातमा अगाडि

सुकुमार अवस्थाको रूपमा भूमिबाट सवाहात माथि शेष शैयामा विराजमान भएको परमेश्वरलाई मानसिक पूजा धर्नु ।

मानसिक पुजा विधी

ॐ यादयोः पाद्य समर्पयामी नारायणा यनम ।।१

यो मन्त्र भनेर शुद्ध जलले श्री भगवानको चरण कमल धोयर उस जल आफ्नो मस्तकमा थारण गर्नु ।

ॐ हस्तडोरध्र्वं समर्पयामी नारायणा यानम ।।२

यो मन्त्र भनेर श्रीहरि भगवानलाई हस्त कमलमा पवित्र जल चढाउनु ।

ॐ आचमनीय समर्पयामी नारायणा यानम ।।३

यो मन्त्र भनेर श्री नारायणको आचमन गरावस् ।

ॐ गन्धम समर्पयामी नारायणा यानम ।।४

यो मन्त्र पढेर श्री हरि भगवानलाई ललाटमा चन्दन लगाउनु ।

ॐ मुक्ता कलं समर्पयामी नारायणा यानम ।।५

यो मन्त्र पढेर वगवानको ललाटमा मोती लगाउनु ।

ॐ पुष्पं समर्पयामी नारायणा यानम ।।६

यो मन्त्र पढेर भगवानको मस्तकमा र नासिकाको समानै आकाशमा फुल सुगन्घ छोडी दिनु ।

ॐ माल्यं समर्पयामी नारायणा यानम ।।७

यो मन्ज्ञ पढेर पुष्पको माला हरिको गलामा पहिराई दिनु ।

ॐ धुपँ माघ्रापयामी नारायणा यानम ।।८

यो मन्म पढेर श्री भगवानको अगाडि अग्नीमा धुप चढाउनु ।

ॐ दिपँ समर्पयामी नारायणा यानम ॥९

यो मन्त्र पढेर ध्यूको दिप आरती बालेर भगवानको अगाडि राख्नु ।

ॐ नेवैद्य स पँयामी नारायणा यानम ॥१०

यो मन्त्र जपेर नरिवल मिश्री सहितको फलफुल भोग लगाउनु ।

ॐ आचमनिय समर्पयामी नारायणा यानमम ॥११

यो मन्त्र पढेर श्री भगवानलाई आचमनी गराउनु ।

ॐ ऋतु फल समपँयामी श्री नारायणा यानम ॥१२

यो मन्त्र पढेर ऋतु फल केरा तथा अन्य नानाफल फुल भोग लगाउनु ।

ॐ पुनराचमनी समर्पयामी श्री नारायणा यानम ॥१३

यो मन्त्र पढेर श्री भगवानलाई फेरी आचमनी गराउनु ।

ॐ पुंगी फलं सतां बुलं समर्पयामी श्री नारायणा यानम ॥१४

यो मन्त्र पढेर सुपारी पान श्री भगवानको अर्पण गर्नु ।

ॐ पुनराचमनी मं समर्पयामी श्री नारायणा ॥१५

यो मन्त्र पढेर श्री हरिलाई आचमनी गराउनु फेरी सुवर्णको थालमा कपुरको प्रदीप गरेर श्री नारायण देवको आरती उतार गर्नु ।

ॐ पुष्पाजलीं समर्पयामी नारायणा यानम ॥१६

यो मन्त्र पढेर सुन्दर सुवास आउने फुलको अन्चली भरेर श्री हरि भगवानको मस्तकमा छोडि दिन ।

अनि प्रदक्षिणा गरेर श्री नारायण देवको साष्टाङ्ग दण्डवत प्रणाम गर्नु । त्यस प्रकार श्री हरिको मानसिक पुजा गरेर त्यसपछि उनलाई हृदय आकासमा सयन गराउनु मनले श्री हरिको स्वरूपको वर्णन गरी वारंवार डण्डवत गर्नु ।

नाउँ किन जप्नु पर्नें

शास्त्र भन्दछ,

निस्काम भावले प्रेम पूर्वक विधि सहित जप गर्ने शाधक चाडै लाभ उठाउन सक्ने छ कसैले शंका गर्दछ कि वहुतै मानिसहरू भगवान नामको जप गर्ने हरू छ कोही कसैले विशेष लाभ उठाएको देखेको छैन तर तिनीहरूले विधि सहित जप गर्ने अभ्यास गरेको छैन। अथवा जप रूप परम धनको वदलामा कुनै तुच्छ संशारीक भोग किन्न नाउं जपेको हुनु पर्दछ।

नत्र भने उस्ले विशेश लाभ उठाउनु पर्दछ यस्मा कुनै सन्देह छन सानु ठुलो कामनाको निमित्त नाउं जप्न हुदैन विशुद्ध प्रेमको लागि जप्नु पर्दछ नाउ जप कसरी गर्नु पर्दछ।

महर्षीपतन्जली भन्नु हुन्छ।

तस्यवाचकः प्रणवः।

(योग १। २७)

उस परमात्माका वाचक नाउ ॐ कार हो।

तज्जपस्तदर्थ भावनम।

(योग १। २८)

उस परमात्माका नाउं जप र अर्थको भावना र स्वरूपका चिन्तन गर्नु

ततः प्रत्यकचेतनाधिगमो

प्यन्तराया भावश्च।

(योग १। २९)

उल्लेखित साधनले सम्पूर्ण विघ्नहरू नास र परमात्माको प्राप्ती हुन्छ।

नाउ जप नामीको स्वरूप चिन्तन सहित गर्नु पर्दछ। स्वरूप चिन्तन यूक्त नाउ जपले अन्तरको नास र भगवान प्राप्ती हुन्छ।

नामी नामको अधिनमा छ।

गोश्वामी भन्नु हुन्छ।

देख अहिरूप नाम आधिना

रूपग्यान नहिनाम विहिना

सुमिरी अनाम रूप विनु देखे

आवत हृदय सनेह विसेष।

त्यसैले स्वरूप चिन्तनको चेष्टा गर्नु विना केवल नाम जप कै प्रतापले नै साधकको समयमा भगवान स्वरूपको साक्षातकार आफ से आफ हुन सक्छ विलम्व हुन सक्छ भगवानको स्वरूपको चिन्तन गरेर जपको अभ्यास गरे पछि चाडै लाभ हुन्छ।

नाउ जपको यस्तो महिमा हुदा हुदै पनि नाउमा मानिस किन विश्वास गर्दैन भने नाउको महिमा त्यहि मानिस जान्न सक्छ जस्को उपर प्रभूको पूर्ण दया भएको हुन्छ।

सत्संग प्राप्त हुन्छ र नाउ जपमा श्रद्धा हुदै जाने छ भगवानको दया सबैमा वरांवर भावले हुन्छ तर उस्को अपार दयाको मनुष्यले जान्न सक्दैन तव तक उसलाई दयाले लाभ उठाउन सक्दैन।

जस्तै कसैको घरमा गाडी राखेको धन छ तर त्यो उस्ले जानेको छैन भने उसलाई त्यसवाट केहि लाभ उठाउन सक्दैन परन्तु जब कसै जान्नेले जान्न सके भने उस्ले परिश्रम गरी उक्त धन पाई लाभ उठाई हाल्छ

त्यस्तै प्रकार भगवानको दयाको प्रभावको जान्ने पुरूषको सत्संगले मनुष्यले भगवानको दयाको जान्न सक्छ ।

दया के ज्ञानले भजनको सम्झन थाल्दछ र उसलाई चित वृति भजन मा जान थाल्दछ नित्य निरन्तर अभ्यासले उसको समस्त संचित पाप सवै नष्ट भएर जाने छ उसलाई परमात्माको प्राप्ती हुने छ।

नाम जपले पाप नास हुन्छ भने ज्ञानले नै परपद प्राप्त हुन्छ तर विश्वास श्रद्धा प्रेम र निस्काम भावले गरेको भजनको प्रभावले भगवानले ज्ञान प्रदान गर्नु हुन्छ र भगवानका स्वरूपको तत्व ज्ञान हुने छ त्यसवाट मलाई प्राप्त गर्दछ भनि श्री कृष्ण भन्नु हुन्छ ।

मच्चिता मंगतप्राणा
वोघ यन्त: परस्परम ।
कथपन्तश्च मानित्यं
तुष्पन्ति चरमन्तीच ।।

तेसा सतत युक्तानां भजता प्रिती पूर्वकम ।
ददामि बुद्वि यो गंतं यंनमामु पयान्तिते ।।
तेषाये वानुकम्पार्य महम ज्ञान जं तम
नाश पाम्पात्म भावस्था ज्ञान दिपेन भास्वता ।

(गिता १० । ६-११)

अध्यात्मारामायणको युद्ध काण्ड सर्ग ३ को श्लोक

३८ । ३६ । ४०

श्रृणुवस्यामीते भद्र रहस्यं
ममनिश्चितम्
मद्भक्तानां प्रशान्ता नां

योगिनां वितरागिणाम्

हृदय सितयानी त्यं

वसाम्पत्र नसं सय

यम, नियम, आसन, प्राण, याम, प्रत्याहार, धारणा, ध्यान र समाधी यो योगको आठ अङ्ग छ । अहिंसक, सत्य, अस्तेय (चोरी नगर्नु) ब्रम्हचर्य र अपरीग्रह (असंग्रह) यो पान्चको नाउ यम हो शौच, संतोष, तपस्या, स्वाध्याय, र इश्वर प्रणीधान्द (इश्वर शरणागति) यो पाँचको नाम नियम हुन । जस्नो किसिमले स्थीर सुखले वसेको हून्छ त्यही आसन हुन । श्वास प्रश्वास काल गनीला र रोक्नु त्यसको नाउ प्राणायाम भन्दछ । इन्दीयको विषयबाट हटाउनेलाई प्रत्याहार भन्दछ । अनन्त र जगतको एकै ठाउमा चित्त लाई वाध्नेको नाउ धारण भन्दछ । चित्त वृत्तिको एकै ठाउँमा देख्नुको नाउ ध्यान भन्दछ । ध्यान गर्ने समय ध्याता (ध्यान गर्ने व्यक्ति) ध्येय (ध्यान गर्ने योग्य इष्ट) र ध्यान यही त्रिपुटी वनीरहन्छ तव जब ध्यान गर्दा गर्दा ध्यानको परिपाक अवस्थामा ध्याता, ध्यान, ध्येय, तीनै यौटै हुन्छ तव त्यसलाई समाधी भन्दछ ।

त देवार्थं मात्र निर्मासं स्वश्य शुन्यमिव समाधी ।

निर्जिव समाधीमा सुक्ष्म संस्कारको पनि निरोध भए पछि सम्पूर्ण वृत्तिहरूको निरोध भएर जान्छ पछि कुनै वृति रहँदैन यो समाधी सिद्ध भएपछि पुरूष स्वयममा स्थिर हुन्छ । यस अवस्थामा अविधाहरू र क्लेश कमंश्य सवै मुक्त भएर जान्छ । अनि उसको निमित्त प्रकृति संसारको विस्तार गर्न सक्तैन । यही पातन्जली दर्शनको परम लक्ष्य हुन् ।

समाधी सिद्धिको निमित्त अभ्यास र वैराग्यको अतिरीक्त महर्षी पतन्जलीबाट योटा उपाय अर्को भन्नु भएको छ ।

इश्वर प्रणी धानाद्वा ।

इश्वरको भक्तिव्दारा पनि समाधीको सिद्धि हुन्छ इश्वर प्राणीधानले के के हुन्छ यसको बारेमा भनिएको छ ।

ततः प्रत्य कचेतना घिगमोड प्यन्तरायाभावश्व ।

इश्वर प्रणीद्यानको बलले व्यार्धी, संशय, प्रमाद, आदि चित्त विषयक रूप सारा विघ्न दुर हुन्छ र पुरूषको प्राप्ती हुन्छ ।

चितको स्थीर विषय त्यात्न अर्को उपाय पनि वताएका छन् जस्तै

तत्प्रतिषेधार्थ मेक तत्वाभ्यासः

चितलाई विषयवाट टाढा राख्न योटा तत्वको अभ्यास गरोस्

मत्रैकरूणा मुदितोपेक्षणा
सुख दुःख पुण्या पुण्य ।
विषयणा भावना तश्चित प्रशादनम्

सुखी दुःखी पुण्यात्मा (पापी संग यथासक्य मित्रता जोड्नु, दया, सन्तोष र उपदेश वुद्धि राखे चित स्थीर हुन सक्ने छ ।

प्रच्छर्दन विचारंणाभ्या वा प्राणस्य प्राण वायुनिकाल्नेर धारणा गरे चित स्थीर हुनेछ ।

विशोका वा ज्योतित् ।

शोक र हित सात्वीक प्रकृति ज्योतिमा पनि चित स्थीर हुन्छ ।

वितराग विषार्य वाचित्तम् ।

वितराग पुरूषको ध्यानले पनि चित स्थीर हुन्छ ।

यथाभि मत ध्यानद्वा ।

प्रकृति अनुकल ध्यान गर्नाले पनि चित स्थीर हुन्छ यसतरीकाले चित स्थीर भए पछि योगी चित सुक्ष्म विषयमा गैरहेको त्यही स्फटीक जस्तै निर्लीप्त वन्नै छ । यो दशालाई समापति भन्दछ यस्को चार भेद वताएका छन् ।

सवितर्क, निर्वितर्क, सबिचार, निर्विचार,

यसको निमित भनिएको हो । ता एव सविज, समाधी । यो सबै सविज समाधि अन्तरगतको हो यस्को फल हुन्छ । कृतम्भरातत्र प्रज्ञा । योगी संग कृतम्भरा प्रज्ञाको उदय हुन्छ । यसले स्थुल, सुक्ष्म सबै विषय योगीको करामल कवत प्रतित हुन्छ उसमा उत्पन्न संस्कारका विषयमा भनिन्छ ।

तज्जः सस्कारो ऽन्य सस्कार प्रतिवन्धो

उस संग उत्पन्न संस्कार अन्य संस्कारको वाधित गर्दछ तर उस कारको वाधा गर्ने संस्कारको विषयमा पनि लेख्दछ ।

तस्यपिनि रोर्ध सर्व निरोधान्नि ।
र्बिज समाधी ।।

योगी जव त्यस संस्कारको निरोध गरीरहन्छ तव उसलाई निर्बिज समाधीको लाभ हुन्छ । साधन अवस्थामा योगीको भुवन ज्ञान, तारा व्यूह ज्ञान, आदि वहुत अलौकिक सक्तिहरू मिल्दछ । यस्को वर्णन योग सुत्रको

तृतिय पादमा गरेका छन् । समाधि सहित पुरूषको निमित्त यो सबै सिद्धिहरू हुन्, समाधी युक्त पुरूषको निमित्त उप सर्ज मात्र हुन्–त्यसमा

दुय सर्गा ब्युत्याने सिद्धयः ।

यो योग दर्शनको सिद्धान्त हुन यो दर्शन सबको अवरोध र हितकारी हुन्छ ।

अमूल्य कुरा

परमात्मा महान प्रभु, सबैको प्रवर्तक अतिसय निर्मल, आनन्द स्वरूप ज्योति स्वरूप अविनासी रूप हो उ परमात्मा हात पाउ नभय पनि जान सक्ने सबै वस्तु ग्रहण गर्नु हुन्छ, आँखा नभए पनि सबैलाई देख्नु हुन्छ, कान नभए पनि सबै सुन्नु हुन्छ सबै जान्नु हुन्छ उनं परमात्माको कसैले जान्दैन, सबैले उनको महान अग्र पुरूष भन्दछ ।

(उप निषद)

भगवान भन्नु हुन्छ मेरो सिवाय कुनै अर्को वस्तु छैन समस्त जगतमा मणिको माला जस्तै म संग उनिएको छ ।

(श्रीभदभगदाद गिता)

सबै प्राणीको हृदयमा श्री हरी आत्मा रूपले विराजमान छ त्यसैले सबै प्राणी भगवानको निवास स्थान सम्झीएर कसै संग द्रोह गर्नु हदैन त्यसो गर्नाले भगवान प्रसन्न हुनु हुन्छ ।

(श्रीमद भागवत)

शान्त धर्ममय प्रिय र सत्य वचन नै सुद्ध भाषण हो यस्तो वचन मान्नु पर्दछ आत्माको विरूद्ध हुनु हुन्दैन जुन भन्दा गर्दा कसैलाई दुःख नहोस् ।

(भगवान युद्ध)

कठिन ३ कुरा:–

१. निर्धनतामा उदार ।

२ एकान्तमा वैराग्यको पालन र

३. जो संग डर लाग्छ उसको अगाडि सच्चा कुरा भनि दिनु ।

सज्जनको निमित्त झुट्ठा बिष समान दुर्जनको लागि सच्चा विष समान लाग्छ ।

(गो तुल्सी दास)

भगवद भक्ती देखि वाहिरको हो महात्माको उपदेश

१ जसको विद्या धन अभिमानको निमित्त छ, बुद्धि र शक्ती अरूलाई दुःख दिनको निमित्त मात्र हुन भने त्यो निस्चय भगवद भक्ती देखि वाहिरको हो ।

२ जो भगवानको सगुण मुर्तिको निन्दा गर्दछ शास्त्रको निन्दा गर्ने देहलाई आत्मा मान्ने भगवद भक्ति वाहिर ।

३. जो भक्त गुरूको निन्दा गर्दछ विद्वान ब्राम्हणको निन्दा गर्दछ सदाचारमा छैन भने भगवद भक्ती देखि वाहिर हुने ।

४. जो अरूलाई दुःख दिन्छ जसवाट इन्द्रीय तृप्तीमा आनन्द मान्दछ कटु भाषण जसको स्वभाव छ भगवद भक्ती वाहिरका हुने ।

५. जस्को इन्द्रीय मित्र छ आशा र ममता सुखको कारण छ सदा विचार देखि वाहिर छ भगवद भक्ति वाहिर हुने ।

६. जो भेषको सहायता लिएर आफ्नो दोषको छिपाएको छ र अधर्म गरेर पनि धर्मको आचरण देखाई रहन्छ त्यो भगवद भक्ति वाहिरका हुन् ।

७. जस्ले अर्काको दोष देख्दा आनन्द हुन्छ अरूको दोष सुन्दा चित्त प्रसन्न हुन्छ अरूको दोष कितनको अभ्यास छ भगवद भक्ति वाहिर हुन् ।

८. जस्को मन असत्य कार्यमा प्रसन्न हुन्छ श्रद्धा छैन देहाभिमानी छ विनय र सिष्टाचारको त्याग गर्दछ भगवत भक्ति रहित हुन् ।

९. जो विद्वान भएर पनि भगवद भक्ति रहित छ स्मरण गर्दैन सत कार्यमा पनि अभिमान गर्दछ सिष्टाचार छोड्छ भने ।

१०. जो धुर्त मिथयावादी पर उन्नति सहन नसक्ने कपटी हुन् ।

११. जो लोभी क्रोधी निर्लज्ज अर्काको प्रशंसा सहन नसक्ने ।

१२. सम्मान, लाभमा पुरूषार्थ गर्ने विद्या बुद्धि विवादको निमित्त अधिक भाषण गर्ने तत्पर ।

भगवान नामको महिमा तथा विधि

भगवान नामको महिमा अनन्त छ रहस्यमयी पनि हुन्, नामको महिमा उनै पुरूषले जान्न सक्तछ । नाममा प्रिय जस्को मन निरन्तर भगवान भै सम्लग्न रहि रहन्छ नामको प्रिय र मधुर स्मृतिले हर समयमा रोमान्च र अश्रुपात भैरहन्छ, जस्तै जल नभएर माछा छटपती भएर व्याकुल हुन्छ त्यस्तै क्षरात भर नाम पन पाएन भने त्यस्तै व्याकुल हुन्छ नाउ छोड्न सक्तैन । निस्काम भावले निरन्तर प्रेम पूर्वक जप गर्दा गर्दा तल्लीन भैरहेको हुन्छ यस्तै महातुरूष नामको विषयमा बर्णन गर्न अधिकार प्राप्त छ ।

शेष, महेश, गणेशको कुरा छोडी स्वयं भगवान पनि आफ्नो नाउको बर्णन नगर्न सक्नु हुन्न ।

राम नस काहि नाम गुण गाइ,

संसारको सवै दु:खवाट मुक्त भएर इश्वर साक्ष्यात्कार गर्न सवै भन्दा माथिल्लो साधन नाम जप नै हुन् ।

गितामा ज्ञान यज्ञको सर्व श्रेष्ठ भनिएको छ तर त्यस्मा आफ्नो स्वरूप भनिएको छैन जप यज्ञको स्वरूप नै मै हु भनिएको छ। भगवान नाम सजिलो साधन हुन नाम जप्न सवैको अधिकार प्राप्य छ मुर्ख भन्दा मुर्ख पनि जप कितँन सम्झन सक्तछ यस्मा नकुनै खर्च पनि छैन परिश्रम छैन बाधा पनि कुनै छैन ।

रामको अर्थ सर्वत्र रमी रहने सचिानन्द छन् परमात्मा कण कणमा व्याप्त हुन् योगी गण जस्मा रमीएको हुन्छ । कृष्णमा कृषको अर्थ हुन सत रण का अर्थ आनन्द जुन आनन्दको कैले अभाव हुदैन। जो आनन्द नित्य हुन अविनासी उनै कृष्ण हुन् र हरीका अर्थ हो जुन सुकै पापको हरी लि छ जस्को उच्चारणले सवै पाप पती हरी लिन्छ जान्छ उनै हरी हुन् हरी नाम मेटेर लिदैमा र जप गर्ने समयमा यस अर्थको विशेष ध्यान दिनु पर्दछ ।

एतद्धे वाक्षर ब्रम्ह एतद्धेवासरं परम्
एतद्धेवासरं ज्ञावा योयेदीच्छति तसतत् ।

(कठो ०१।२।१६

यहि ॐकार अक्षर नै ब्रम्ह (सगुराब्रोम्ह)

हुन यहि पर ब्रम्ह (निर्गुण ब्रम्ह) हुन् यो ॐकार अक्षर ब्रम्हलाई जाने र मनुष्य जुन वस्तुको चाहन्छ त्यसलाई उनै पाउदछ। कल्पवृक्षहरू भगद्र भजनको प्रतापवाट जुन बस्तुको मनुष्य चाहन्छ त्यही मिल्दछ जुन फल योगीले पाउदछ त्यही जप गर्नेलाई पनि पाउदछ ।

आत्मा कल्याण चाहनेले निस्काम भावले भजन गर्नु पर्दछ शास्त्रमा निस्काम प्रेमी भक्तको ठुलो प्रशंसा गरिएको छ नाम जप ठुलो सानु कामनाको निमित्त नगरी भगवान के प्रेमको निमित्त नै गर्नु पर्दछ।

संसारीक कार्यमा भगवानको नाउ लिने नगरी कर्तब्य सम्झेर सदा सर्वदा गरीरहनु पर्दछ किन भने भजनको आदि अन्त मध्ये सबै कल्याण कल्याणले भरिरहँछ ।

भजन गर्नेले भजनले पाप नास हुनेछ भने भावना राख्नु हुदैन भगवानको रहस्य थाहा पाउनेले अपराध छेमा गराउन निमित्त भजनको उपयोग गर्ने छेन इश्वरले यथारूपी ससार स्वयम् नष्ट हुन्छ यो रहस्य थाहा पाउनेले तुच्छ संसारीक दु:खको निवृत्तिको निमित्त भजन उपयोग गर्न सक्तैन गर्दछ भने त्यस्ले भुल गरे।

प्राप्ती भजन गर्ने सबैको हुन्छ प्रेम र आदरको साथ नाउ जप्ने निम्न लिखित ३ कुराको आवश्यक छ।

१. गुप्त हुनु पदछ ।
२. अर्थ सहित हुनु पर्दछ ।
३. निस्काम भावले हुनु पर्दछ ।

जप निरन्तर हर समय उठदा बस्दा सुटदा बिउझदा गर्नु पर्दछ। गुप्त जपको फल अदभूत हुन्छ। लाभदायक पनि छ। गरीरहेको गुप्त जप यदि कुनै प्रकार प्रकट गरी दिए त्यसको महत्व घटेर जान्छ। कुनै प्रकार संकेट द्वारा पनि प्रकाशित नगर्नु ध्यान सहितको गुप्त जपले भगवान बहुतै खुशी हुनु हुन्छ।

जप सबै भन्दा नाउँमा प्रेम श्रद्धा बिश्वास हुनु पर्दछ साधकको लागि लाभदायक श्वासद्वारा गर्ने जप सबै भन्दा असल मनले हुन्छ जिभ्रो चलाउन

र ओठ चलाउन आवश्यक छैन यस्तो जपमा ध्यान र जप दुवै साथै हुन सक्दछ ।

श्वास आउँदा जाँदाको सममयमा कण्ठबाउको जप गर्नु जिभ्रो र ओठ बन्द गरी श्वासद्वारा नाउको उच्चारण गरी रहनु यसलाई प्राण जप भन्दछ । यो जप उच्च श्रेणीका हुन् ।

स्वाभाविक यस द्वारा आठौं प्रहर नाउ जप हुन्छ त्यसको लागि कुनै विधि चाहिँदैन तर दश अपराधको त्याग गरी जप गरेपछि नाउ जपको शास्त्रले बताए बमोजिमको फल प्राप्त हुनेछ ।

> सन्नीन्दा सति नाम वैभवकथा श्री शेष योभेदधि ।
> र श्रद्धा श्रुति शास्त्र देलिकागिरां नाम्न्यर्थ वाद भ्रम ॥
> नामास्तो तिनोषिद्ध वृति विहितसयागो हिधर्मान्तरान् ।
> साम्यंनाम्नी जय शिवस्पचहरेर्ना पराधा दश ॥

१. सत्पुरुषको निन्दा ।
२. श्रद्धा नभएको मानिसलाई नाउको महिमा भन्नु ।
३. शिवमा र बिष्णुमा फरक देखनु ।
४. वेद शास्त्र र गुरूले भनिएको वाक्यमा विश्वास नराखने ।
५. हरि नाउँमा अर्थ गरी भ्रम बुद्धि राख्नु ।
६. नाउँको बलले कर्मको त्याग गर्नु नाउँको तुलना गर्नु ।
७. शास्त्र बाहिरको कुरा गरी नाउँको अपहेलना गर्ने ।
८. शास्त्र विपरित आचरण गर्नु ।
९. शिव र विष्णुको नाउँ जपमा फरक देखनु ।

यदि विश्वास पूर्वक नाउँ जप गरी रहे गर्दा गर्दै नाउँको अपराध पनि नास हुन सक्तछ सारा पाप नास भै भगवत प्राप्त हुन सक्तछ। अश्रद्धाको कारणले नै हामीमा त्यो प्राप्त नभैरहेका हुन् ।

अविश्वास नै ठुलो अपराध हुन परमेश्वरको प्रभाव र तत्वको सम्झदै अत्यन्त श्रद्धा हुन्छ उस्को साथमा अतुल प्रेम हुन्छ जस्ले बिश्वास र प्रेमले हृदयले नाउ लिन्छ उसलाई प्रतक्ष्य शान्ती र आनन्द प्राप्त हुन्छ ।

आलस्य र प्रमादको परित्याग गरी जुनसुकै प्रकारबाट उठदा बसदा सुत्दा सम्पूर्ण कर्म गर्दा पनि सदा सर्वदा भजन गर्ने अभ्यास गर्नु पर्दछ । संसारको समस्त बिषयको बिषयको लड हो भन्ने सम्झो उसलाई हटाएर श्री परमात्माको पावन नाममा लागि रहनु नै परम कर्तव्य हुन् र भय बन्धनबाट छिटै छुटकारा मिल्दछ ।

यो अनित्व क्षण भंगुर नास वान संसार सबै मिथया भोगलाई छोडेर त्यो सक्तवान न्यायकारी शुद्ध परम दयालु भक्त प्रेमी परमात्माको पावन नाउको निस्काम भावले ध्यान सहित जप गर्नु पर्दछ ।

जीवनको समय नै भजन गर्नु हो। यदि यो अनुल्य अवसर वेर्थ बिताए भने पछि पश्चाताप शिवाय कुनै हातमा पर्न सक्ने छैन अन्त समयको लागि हाम्रो कुनै सम्पती छैन भगवान परम बयालु हुन्छ दया गरी हामीलाई मनुष्य शरिर मोक्ष निमित्त दिनु भएको छ। अन्तमा जसले नाम स्मरण गर्दछ।

जस्तै लोभी व्यापारीले यौटै मात्र सम्पती कमाउन इच्छा गर्दछ त्यस्तै ध्यान राखेर सबै काम गर्दछ ठिक त्यस्तै प्रकारले राम नाम धनको जम्मा गर्ने हर प्रयास गर्नु पर्दछ ।

थी शरीर नासबान भएर पनि सुख र हित छ र तै पनि दुर्लभ जीवन छ यही शरीरले परम कल्काण हुन सक्तछ त्यसैले भगवानको भजन गर्नु पर्दछ ।

संसारमा भगवानको भजन समान कुनै वस्तु छैन यो थाहा छ भने एक छिनको निमित्त पनि भजनलाई भुल्न सक्तैन ।

भगवानको भजनको मर्म उही मनुष्यले जान्दछ जस उपर भगवानको पूर्ण दया भएको हुन्छ अनन्त बृम्हाण्डको समस्त संपती एकातिर भगवानका क्षणिक प्रेम पूर्व गरिएको भजन स्मरण एकातिर राखीयो भने भजन स्मरण बराबर हुन सक्तैन ।

सच्चा प्रेमीले आफ्नो सच्चा प्रेमीलाई छोडेर आफ्नो हृदयमा अरूलाई स्थान दिन सक्तछ र नाम प्रेमीले पनि परमात्माको नाउमा वाहेक अरू कुनै वस्तुलाई पनि आफ्नो हृदयमा स्थान दिन सक्तैन ।

जबतक मन मलिन र चन्चल हुन्छ प्रेम पूर्वक भजन हुन सक्तैन योग कसरी मिल्दछ नामोचार गरेको समयमा यस्तो मग्न हुन्छ कि आफ्नो शरीरको पनि ज्ञान नरहोस ठूलो शँकट आय पनि भजनमा मग्न रहोस् ।

प्रेममा लिन छ भने सो काम भावले पनि भगवान प्रकट हुनु हुन्छ तर सो काम प्रेम पनि द्रौपति गजेन्द्र के जस्तै अनन्य हुनु पर्दछ भक्त प्रल्हाद जस्तै आनन्द पूर्वक सबै प्रकारको कष्ट सहन तिखो तलवारको धारबाट सिर कटाउन सधै तत्पर रहनाले प्रत्यक्ष दर्शन दिनु हुन्छ ।

जुन मानिस भगवानको भजन गर्दछ उसको अन्तकरण शुद्ध गरी उनको दुःखबाट नास गरी कल्याण गरी दिनु हुन्छ जस्तै अग्नीले जलाएर प्रकाश गर्ने ती स्वाभाविक छ त्यस्तै भगवान नाममा पापको नष्ठ गरी दिने स्वभाविक छ । अस्तुः

इन्द्रिय प्रेम

हामीहरूको इन्द्रीयलाई जति तृप्त गरी दिएको हवस आज तक न तृप्त भएकै छ न हुने नै हो। जीभ्रालाई खोजी गरे अनुसार खान दिएमा हाम्रो जीवनी नै विगारी दिन्छ। जिभ्रोलाई प्रसन्न गर्न हाम्रो आँखा नै बिगारी दिन्छ मन पनि बिगारी दिनछ चेतन पनि विग्रीन्छ।

पढे लेखेको अथवा कुनै असल व्यक्तिहरू होटल वा सिनेमा गै आनन्द लिने प्रयास गरेको हुन्छ तर होटलबाट रोग लिएर आउछ सिनेमाबाट आँखा विगारेर आउने हुन्छ।

आफ्नो पैसा खर्च गरेर तीन घण्टा सम्म अध्यारो कोठामा भिडँ भिडको साथ बस्दा खराबी श्वासहरू आदान प्रदान र आँखा र मन बिगार्नु बाहेक अरू केही लाभ हुने होइन उक्त कुरा विचार नगरी जानु बुद्धिमानीको काम हुँदै होइन त्यसबाट मनोरन्जका साधन हुन् सिनेमा हेरी होटलमा खाने गर्ने मानिसहरुमा नराम्रो हुनु सिवाय राम्रो भएको पाउदैन ।

यो देखे हेरै पछि मनको विश्वास पाउँदैन उल्टै त्यसमा हेरे देखे बमोजिम आफुले गर्न सक्तैन अनि दुःख कै अनुभव भैरहन्छ। यसको कारण यही हो कि श्रृङ्गारिक दृष्यको देकेर बिग्रेको मन समाल्न नसक्नेहरू चार तथा पागल भएको पाउँछौ र सबै विवेकीको विवेक पनि हराएर जानेछ दया माया सुन्ने मातृ पितृ उपर प्रेम रहित हुनेछ।

आदर्श जीवनको पौराणिक पद्धति

आहार निद्रा भय मैथुनंच
सामान्यमेतत पशुर्मिन राणा भू

धर्मोहितेष मदिको विशेषो
धर्मेण हिना पशु मिः समाना ।

(हितोपदेश)

चरित्र निर्माणको मुख्य आधार—

१. देवोभव. मातृ देवो भव,

२. सत्य, धर्म, बृम्हचर्य, अहिंसा

यो उपदेश गुरू कुलवाट घर जाँदा दिइ पठाइने हुन ।

चारित्रिक अवधारणा– चरींत्र निर्वाणलाई नै सवै पुराणहरूमा जोड दिइएकोले देखिन्छ चरित्र निर्वाण बाहेक कुनै ग्रन्थ छैन । यस तुराग प्रति अश्रद्धा हूनु नै चारित्रिक ऱ्हास मुख्य कारण हो ।

अग्नी पुराण १५२-५५ कर्म पुराण १।२। रावका ३४, ११-४९ गरूड पुराण २०५ वायु पुराण ५९ देवी भागवत ०१११-४ नारदीय पुराण १।४३-५१, ६६, पद्म पुराण सृष्टी पुराण ५१-६० अध्यय स्वर्ग खण्डमा १३, ३७, ५१, ५६ अध्याय वृम्ह पुराण २२-२२५ अध्याय वृम्ह वेवर्त पुरण १।२६ कृष्ण जन्म ०७५ देखि ८३ अध्यया वृाम्हाण्ड पुराण २।१९ लिङ्ग पुराण १।२५-२७।८५-९०, २।२२-२६ अध्याय भविष्य पुराण वृाम्हाण्ड पर्वको ३,११ उत्तर पर्व २०५ अध्यय आदि, भागवत मा ७।११-१५७, ११।१७-२७ अध्याय आदि, मत्स्य पुराणमा ४०,५२ र १७४ अध्याय मार्कण्डो पुराणमा २८-३४ अध्याय मार्कण्डो पुराणमा २८-३४ अध्याय शिव पुराण १।१३-१५५ अध्याय विष्णु पुराणमा ३७८-१२ अध्याय विष्णु धर्ममा २।७९ देखि ८५ अध्याय आदि पुराण २० अध्याय र यस्टै प्रकार स्कन्द पुराणको सातौ खण्डको ४० अध्यायमा समेत चरित्र निर्माण के कुरा उल्लेख गरिएको छ ।

त्यस्को अलावा महाभारतको ३।३०७, १२।१८९७, २८७, १३।९७६ १०४, १४।४५ आदि अध्यायमा पनि चरित्र विषय उल्लेख छ हरि वशको तिनै पर्व साथै वाल्मीकी रामायणमा समेत चरित्र को उल्लेखनिय छ।

उल्लेखित पुराण शास्त्रहरूमा ऋषिहरू र वेदको समेत परित्रय दिइएको छ। चरित्र निर्देशमा सबै मनुस्मृति अध्याय ४–९ वहुतै प्रभावकारी छ, विष्णु पुराणमा प्रष्ट उल्लेख छ मन्वादी प्रजापति गणहरू र सप्तर्षी गणहरू चरित्र निर्माता र निर्देशक हुनु हुन्छ भनिएका छन्।

चरित्र निर्वाणको चर्चामा मुख्ये चरित्र निर्माता शिष्ठ भन्वादी प्रजापती र सप्तर्षी गण हुन लोभ क्रोध दम्भ शुन्य, नै चरित निर्माण हुन्।

व्राम्हाण्ड पुराण २।३२।३६ मा सत्य दान, दया, तप, ज्ञान, विद्या, त्याग र परिभूजन–यो आठ मुख्य चरित्र भनिएको छ।

> दानं सत्य तमो ज्ञान विद्येज्याबूजनं दया
> अष्टोतानो चरित्राणी शिष्ठाचारो पलक्षपाम्
> ब्राहाण्ड पुराण रा २।२३।४२

वायु पुराण ९९।३७

चरित्रको सेकडो भेद वताएका छन्। साथै व्याख्यामा जस्तै गुणवानको आवश्यक वस्तु प्रदान, दान हुन जीव व्रम्ह हुनु भन्ने जान्नु ज्ञान हो, व्रम्हचर्य जप, मौन रहनु, अनसन तपस्याका रूपमा छन् वेद जान्नु र दक्षिणाद्धारा नै यज्ञ सम्पन्न हुन्छ।

आत्मा बुद्धिले सबैको निमित्त कृपा राखी उपकार गन बुद्धि हुनु नै दया हो, क्षमा दिनु, कसै माथि क्रोध नगर्नु नै सन्यास हुनु, व्रम्हचर्य पालन गर्नु मुख्य चरित्र हो। चन्चलताबाट गम्भीर वन्नु निर्लोभिवन्नु, शम हो।

रामलाई रामायण लगायत सवै पुराणले आदर्श चरित्र नायक भनिएको छ।

नित्ये नियम पूर्वक स्नान संध्या देव पितृ तर्पण गर्नु अतिथीहरूको सनमान गर्नु ।

अतिथी सत्कार र पितृ तर्पण द्वारा सारा प्राणी तृप्त हुन्छ विष्णु पुराण ३ । ११

टाधा बाट आएको भुखा अतिथीको गोत्र नाउ कूल नसोधीकन भोजन गराउनु अतिथी ४ प्रकारको भनिएको छ दीन, वृद्ध, वालक, हरूको भोजन गराउनु ।

चरित्र निष्ठको परनिन्दा, असत्य, कटु भाषण, हिंसावाट दुर टाढा रहनु वामन पुराण १४ । ३९ दान, यज्ञ यास्वाध्यांय, टाका नियम पुर्वक अनुष्ठान गर्नु पर्छ चोर जुवाडी, रजस्वला जुवाडी, मद्यपादीलाई भाषण नगर्नु, उनीहरू संग टाढा वसी सदा साधु को संगत गर्नु । पुराण निदक कटु भाषण गर्नेलाई कुकुर भनिएको छ । उनीहरूको अन्न पनि निन्दनीय भनिन्छ ।

चरीत्र निष्ठामा लसुन, प्याज, मुसुर, मद्य, मासु, कैले पनि सेवन गर्नु हुदैन। स्कन्द पुराण काशी खण्ड ४०।१०७ हिंसा दोष पूर्ण हुन सय वर्ष सम्म लगातार अश्वमेघ यज्ञ गरेको पुण्य वरावर मासु त्याग्ले हुन्छ।

स्त्रीहरूले पनि पतिवृता धर्म प्रति पालन, पुत्रहरूको प्रति पालन। शिल लज्जाको साथ गृह कार्यमा सुचारू रूपले संचालन गर्नु मुख्य कर्तव्य हुन् ।

बृम्हचारी वान प्रष्टको लागि त्रिकाल स्नान, जटादि धारण जितेन्द्री यादी मुख्य हुन् । यो पुराणहरू मै चरित्रको व्याख्या गरीएको पाइन्छ। श्रीमद भागवत शिव पुराण लगायत श्रवणले चरित्र निर्वाणमा सहायता मिल्दछ । उस्को मनन प्रचार सबै प्रकारको सहायक मिल्दछ विद्या, धन, यौवन सम्पन्न हुँदैमा हुँदैन चरित्र हिन छ भने कुनै काम लाग्दैन ।

राम चरित्रमानस सहित भगवान नाम महिमा

संसारमा आवागमनको चक्रवाट छुटकारा पाउन शास्त्रमा ३ वटा वाटो बताएका छन् ज्ञान, कर्म, उपासना, पात्रको योग्यता र संस्कार अनुसार ज्ञान र कर्म योगवाट पनि फल प्राप्त हुन सक्तछ । किन्तु उपासना र भक्ति मार्गहरू र दुष्कर बताएका छन् कठोपनिषदया ज्ञान मार्गको अनुसरण छुराको धारमा हिड्नु बराबर छ भनि बताएका छन् ।

सुरपस्पधारानी शिता दुरत्यया दुर्गपथ: तत्
कवयोवदन्ती ।।

यो दुबैको तुलनामा भक्तिमार्ग अत्यन्त सुलभर सहज, सजिलो छ भनिएको छ । यसैलाई गोश्वामी जी का शब्दले पनि यस्मा पुष्ट गरिएको पाइन्छ ।

ज्ञान पंथ कृपान के धारा
परत खगेश होइ नही वारा
पोटो विघ्न पंथनीर्ब हइ
सो कैवल्य परम पद लहइ
अति दुर्लभ कैबल्य परम पद

संत पुराणनिगम आगम बदंइ

राम भजन सोइ मुकुटि गोसाइ

अनइच्छीत आवइ वरी आई

अस बिचारी हरी भगती सजाने

युकुटी निरादर भगती लुभाने

भगतोकरत किनुजतन प्रयासड

संसृति मूल अविद्याना सड

(राम चरिमानस ०७।११६।१-४)

उपासना र भक्ति मार्गमा पनि भगवत प्राप्त गर्न चार साधन वताएका छन् त्यसमा नाम, रुप, लिला, धामको चिन्तन । यसमा कुनै एउटा साधनमा निष्ठा पन्न भएर लक्ष्य प्राप्ती गर्न सकिन्छ ।

तथापि जति सजिलो सुलभ देश काल अनुसार नाम उपासनामा छ त्यती अरूमा छैन, भगवान नाम स्मरण गर्न न कुनै वर्ण, आश्रमको पनि निषेध गरीएको छैन कुनै प्रकारको तप योगको आवश्यक पनि छैन । रूपको चिन्तन र पुजापाठ पनि कठिन छ धाम सेव सगने बद्री, केदार जानु पर्दैन वा नाउ स्मरण जहाँ तहिहुन सक्तछ ।

भक्तप्रल्हाद भन्नु हुन्छ -

रास नाम जप तां कुतोम वम्।

राम नाम जप्नेलाई के हुन दतैन ।

पदम पुराणमा पनि

तीर्था नाच परं तिर्थ ।

कृष्णनामा न महर्षय ।।

भूलले अमृत पिएमा अमर गरि दिन्छ विश पान गर्नाले मृत्यु प्राप्त हुन्छ अग्नी पर्साले जलाइ दिन्छ त्यस्तै भूले भनिएको भगवामको नाउले पनि समस्त पाप नास गरी दिन्छ । कुनै वस्तुको सक्ति र श्रद्धालाई पनि पर्खिरहदैन ।

नउिवस्तु शक्ति श्रद्धादि कमपेर्दाले
भायँ कुमायँ अनख आलस हु
नाम जपत मंगल दिसीदस हु

(मनस १।२७।९)

अवखे नापो यत्माम्नी किर्तिते सर्वपाम कै
पुमान विमुच्चते सद्य: सिहन्न स्तै मूगै रिव ।

नाम किर्तनले सारा पाप रहन सक्तैन जस्तो सिम्ह देखि मृग भाग्दछ ।

उपासनको क्षत्रमा ज्ञान तथा भक्ति दुवै साधन गर्नेहरूको निमित्त भगवान नाम को यौटा महत्व देखिन्छ निर्गुण निराकारको उपासके हृवम् सगुण साकारको उपासक हृवस् यो दुवै थरीलाई नाम जप विना संसार सागरवाट पार हुन सक्तैन त्यसैले मध्यकालिनका सन्त तथा भक्यहरूले यौटै शव्दले नामको महिमा गाइरहेको उदाहरण ।

वृम्ह नामते नाम वड वरदायक वरदानी
राम चरित्र सतकोटी महाँलिय महेस जिथजानी

(मानस १।२५)

राम सुमिरत सव विधी. हिको राज रे ।
रामको विसारिवो निसेषेध – सिरताजरे ।।

(विनय पत्रिका ६७)

नाम प्रतित भइ जा जनकों ले आनन्द दुः ख दुरीरहे ।
सुरदाश धन धनते प्राबि जो हरिकावे तले वहे ॥

(सुरदाश)

कबिर कहे मैका येगया, कथिगया वृम्ह म्हेश ।
मनसा वाचा कर्माना कविरा सुमिरन सा ॥

(कबिरदाश)

नाम विन्त भवक रकम छुटे
साधु संत ओ राम भजन विनुका लि निरन्तर लुटे ॥

(दरिया साहव)

राम जये रूचि साधुको साधु जये रूची राम ।
दादु दोनो एक ढंग तम अरम समकाम ॥

(दादु दयाल)

त्यसैले शास्त्रको वाक्यलाई विश्वास गर्नु कलियुमा संसारको वंधनमा लिन भैरहेका पाप र जीवलाइ विश्बास दिलाउनलाई श्री मदभागवतमा महर्षी अगस्त्येजी ले अजामिल उद्धार भएको कथा व्याख्या गरीएको छ त्यसमा आफ्नो पुत्रको नाउ पुकार गर्दा उद्धार भएको भनियो ।

त्यसंले संगीतमा वा अपहेलना गरी भगबानको नामच्चारणले समस्त पापकी नास हुन्छ भन्ने प्रष्ट छ । राम चरित्रमानसमा पनि लेखिएको छ ।

राम नाम अभिमत दाता
हित परलोक लोक पितु माता

भगवान नामच्चारणले पेले पापको नास हुन्छ पछि निरमल मति उत्पति हुन्छ त्यहीमति भगवत् प्राप्तीको मार्गमा आउने विध्नलाई दमन गरी भगवान प्राप्त गराउन समर्थ हुन्छ। श्री मद भागवत मा पनि लेखिएको छ।

नदेहमाधं सुलभं सुदुर्लभं
लवँ सुकल्पं गुरू कर्ण धारम्
मयानु कूलेन नम स्वतेरीत
पुमान भवाब्धीन तरेत् स आत्मह।

यो मानव शरिर सर्वं शुभ फल प्राप्ती को मुल हुन अत्यन्त दुर्लभ भएर पनि दुःखमयी पनि हो तर संसार सागरबाट पार हुन यो शरीर डुंगा समान हुन् शरण ग्रहण ले भगवान वायुको समान भक्तलाई अङ्गालीनु हुन्छ। यदि निस्वार्थ गुरु को आश्रय प्राप्त हुन्छ भनेता केत हून थियो यस्तो पाउदा पनि भवसागर पार हुदैन भने आफ्नो आत्माको घातक गरे चीन्तामणी झोली आफ्नो साथमा राखेर पनि दरी दुवती रहै समान हुन्। गोश्वामी जी पनि यसैलाइ भन्नु हुन्छ।

जोन तरे भवसागर नर समाज अस्त्याई
सोकृत निंदक मंदमति आतमा हन गति जाई

(मानस ७।४४)

कलियुगमा चरित्र र सदाचार विचारको अत्यन्त अभाव भैसकेका छन् त्यसैले योग यज्ञको विशेष फल प्रद हुदैन संकिर्तनले मात्र संभवन छ।

चरित्रवान नै धर्मात्मा हुन्

सत्येन रक्षते धर्मो
विद्यायोगेन नाइते ।
मृजया रक्षते रूपं
कुलं वृतेन रक्षदे ॥

भावार्थः-

जस्को चरित्रीक बल स्वास्थमा रहेको छ भने । उनै ऐश्वर्यमान, धर्मात्मा र सत्येवान हुन् ।

(श्री हनुमत लाल जी को उपासना)

राम चरित मानस

प्रातलेत जोनाम हमारा
त्यही दिन ताही नमिले अहारा ।

हनुमानजी स्वयं भन्नु हुन्छ प्रातकालमा जस्ले मेरो नाउ लिन्छ त्यस दिन भोजन नमिलोस् ।

आछ काल यस्तो व्यक्ति पाउदछ प्राय जो हरी भजनवाट विमुख नै छ अनि अरूलाई पनि तर्क वितर्क गरी उदाहर दिएर भ्रममा पारी पारीरहेको देखिन्छ ।

भन्दछ हेर देवता आफैले मेरो नलेउ भनि आफ्नै मुखले भनिएको छ सरल स्वभाव भएको व्यक्तिहरू उक्त भनाईमा प्रभावित हुदै उल्लेखित

चौपाइको अगाडि पछाडि नहेरी अवस्या विचार नगरी अर्थ नै नबुझ्दै रामको परम भक्तलाई नाउ विहान लिने गर्दैन ।

उक्त चौपाइको अवस्था अगाडि पछाडीको भाव सम्झी हेनुमानजीले विभिषणलाई कुन सन्दर्भमा भनिएको छ उस्को भन्नुको तात्पर्य केहो विचार गर्नु पर्दछ ।

जव लंकामा आमा जानकीको खोजीमा हनुमानजीले मन्दीर मन्दीरमा सोधी सोधी खोज खवर गर्दा गर्दा असमर्थ भैरहेको थिए रामको कृपाले बिभिषण पाउदा साक्षात्कार भएको थियो ।

परिचयमा विभिषणजीले वडा दिनहिन भन्दै हनुमानजीलाई भन्नु हुन्छ ।

(चो) तातक वहुं मोहिजानी अनाथा ।।
करी हहिं कृपा भानु कुल नाथ ।।
तामस तनुकछु साधन नाहिं ।।
प्रितीनपद सरोज मन माही ।।

हे तात मलाई अनाथ जानेर सूर्य कुलको स्वामी श्री रघुनाथ जी मलाई कृपा गर्नु होला । मेरो शरीर राक्षसी हुत त्यसैले मलाई राम भजनमा कुनै साधन छैन अथवा मेरो हृदयमा श्री रामको चरण कमलमा कुनै प्रेम नै छ ।

लंकामा श्री विभिषण योटै मात्र भक्त हुन् राम अंकित गृह अति शोभा भन्ने देखेर हनुमान जी विस्मय हुनु भयो र विचार गर्न लागे ।

(चौ) लंका निसिचर निकर निवास
इहां कहां सज्जन कर वासा ।।

अर्थात लंका राक्षसी समुहको धाम थियो यहां कसरी सज्जन (भगवद भक्त पुरूषको निवास कहांवाट हुन सक्ला ।

बिभिषणजी लंकामा योटै श्री रामको भक्त हुन सुस्दा उटदा

निरन्तर श्री रामको स्मरण गर्ने विभिषणको दर्शन हनुमानजीले प्राण प्रियतम श्री रामकै दर्शन मिले समान भएको थियो ।

(चौ) मन म हुं तरक करे कपि लागा ।
तेही समय बिभिषणा जागा ।।
राम राम तेही सुमिरन किन्हा ।
हृदय हरष कपी सज्जन चिन्हा ।।
करी प्रनाम पछी कुसलाई ।
विप्र कह हु निज कथा बुझाइ ।।
किधुम्ह हरीदासन्ह महं कोइ ।
मोरे हृदय प्रिती अति होइ ।।
कितुम रामु दिन अनुरागी ।
आय हु मोहि कर न बड भागी ।।

विभिषणजी श्री रामजीको परम भक्त भएर पनि सारै दिन हिन पतीत र अधर्मि भनि रहनु हुन्छ ।

अवसरमा शरणगत वत्सल प्रभू राम संग भन्नु हुन्छ ।

(चौ) नाथ दशानन करमे भ्राता ।
निसिचर वंश जनम सुरत्राता ।।
सहज पाप प्रियतामस देहा ।।
जया उल्लुक हि तम परने हों ।।

नाथ म दश वटा शिर भएको रावणको भाइ हु राक्षस कुलमा मेरो जन्म भएको हो देवताईरूको रक्षा गर्ने प्रभू ।

मेरो तमासि शरीरको पाप स्वभाविकले मन पर्दछ जस्तै लाटोकोमेरालाई रात मन पर्ने स्वभाविकैले प्रेम हुन्छ ।

(चौं) मैं निसिचर अति अधम सुभाउ
शुभ आचरणु किन्ह नही काउ
जा सुरूप मुनी ध्यान नआवा
तेही प्रभू हरषी हृदय मोही लावा

म राक्षस हुँ स्वभावले नै नीच छु मैले भूलेर पनि राम्रो आचरण गरिन तै पनि प्रभू कति दयालु होइबक्सीन्छ वडे बडे ऋषि मुनी सध्या तर्गण अन्य कठोर साधन गरेर पनि निरन्जन जंगलमा बसी आफ्नो शरीर सुकाई रहेका हुन्छ तैपनि दर्शन मिल्न कठिन छ । उनै शरणागत वत्सल प्रभुले मलाई प्रसन्नता पूर्वक हृदयमालगाउनु भयो ।

स्वयं प्रभू राम संत सिरोमणी श्री विभिषणजीको परम भक्त स्वीकार गरेर भन्नु हुन्छ ।

(चौं) तुम्ह सारी खे संत प्रिय मीरे ।
धर उँ देह नहि आन निहोरे ।
सुनु लं केसकल गुण तोरे ।
ताते तुम्ह अति सय प्रिय मोरे ।

जव श्री राम भक्त संत सिरोमणी विभिषणजी पनि यस्तो विनम्र पूर्वक श्री रामजीको गुण गाइरहनु भयो । विनम्रताको साक्षात मुर्ति हनुमत लालजी पनि आफु दिन हिन भन्दै विभिषण जी सग एक पाइला अगाडि भने जस्तो आफु निच बन्दै भन्नु भयो ।

फेरि विभिषणजी संग भन्दछ विभिषण तपाइ आफुले आफैलाई राक्षस कूलको मानेर मनमा ग्लानी नमान्नु ।

भन्नुस म मात्र कुन ठूला कुलको हो वानर योनित चन्चले पशु हुनाले सबै कुरावाट हिन छु हाम्रो कूल (वानर) को कसैले प्रातकालमा नाउ लियो भने उस दिन भोजन पाउने छैन।

(चौ) कह हुँ कवन मैं परम कुलोना
कपि चंचल सबहि बिधि हिना
प्रात लेत जो नाम हमारा
त्यही दिन ताहि नमिले अहारा ।

यो शब्दको अभिप्राय वानर जातिलाई भनिएको हो राम भक्त हनुमानको नाउँलाई भनिएको होइन ।

अशोक बाटीकामा हनुमान जी ले माता जानकी संग पनि यही भनिएको छ माता सुन्नुस हामी वानरमा ज्यादा वल बुद्धि हुँदैन किन्तु प्रभूको प्रतापले सानु सूर्पको वच्चा विशाल शरीर भएको शर्पको शत्तु गरूडजीले खान सक्तछ ।

(दो) सुनु माता शाखा मृग नही बल बुद्धि विशाला
प्रभू प्रतापले गरूड हिरबाट परम लघु धालु ।

सीताको खवर पाए पछि यक्लैले लङ्का सहरको जत्तत्र गरी दिन पवन सुत्र प्रभू श्री राम संग भन्दछ ।

(चौ) सारख मृग हैं बढी मनुसाई |
शारवा ते सारव पर जाई
नाधि सिंधु हाटकपुर जारा |
निसीचर गनवधों विपिन उजारा |
सो सब प्रताप रधुराई |
नाधनक छु भोर प्रभुताइ ||

प्रभु हामी वानरको वस यउी वडा पराक्रम हुन सक्तछ की हामी यौटै हाँगाबाट अर्को हाँगा उफ्री जान सक्तछ। मैले समुद्र नाघेर सुनको लङ्का जलाई दियौं।

राक्षसहरूलाइ मारेर अशोक वगैंचालाई उजाड पारी दिए त्यो सबै उनै राम प्रभू कै प्रताप हो त्यसमा हे नाथ मेरो कुनै पराक्रम हैन।

वास्तवमा म जङ्गली हु जन सुखदायक रामकै कृपा कै वयान गरी विभिषणलाई सुनाइ रहनुको भाव यै हुन की म यस्तो कुल र जातिमा जन्मेको हु बिहानै हामी बानर जातको नाउ लिनु पनि अशुभ छ तर प्रभु राम यस्तो दयालु दिन बन्धु हुनाले यस्तो अधम उपर पनि कृपा गर्नु भएको छ।

(दो) अस मैं अधम सखा,
सुनु मोह पर रघुवीर
किन्ही कृपा सुमी रिगुन
भरे वीलोचन नीर /

श्री राम सुग्रीव मित्रताको अवसरमा पनि हनुमन्तलाल प्रभु संग दिनता र खराव चालको फुरा नै वयान गरी रहनु भएको छ।

(दो) एकमैं मन्द मोह बस कुटील हृदय अज्ञान /
पुनो प्रभु मोहि विसारेउ दिन बन्धु भगवान //

जव प्रभू उनको दिनता र सारै विनम्रतामा रिझियर हृदयमा लगाउदै अनाउनु हुन्छ र श्री लक्ष्मणजी भन्दा पनि अति प्यारो।

(चौ) तब रघुपति उठाई उरलावा /
निज लोचन जल सिंची जुडावा //

सुनु कपी जिया मानसी जनीउन्ना
ते मम प्रिय लक्ष्मण ते दुना ।।

उनी राम भक्त हनुमान जसको हृवदमा छ जो कल्याणको पुर्ति हुन खराबको जरा नै काट्ने वाला हुन त्यस्तो भक्तको दर्शन र नाम अशुद्ध हुन सक्तैन पवन सुत संतहरुको हित गर्ने हुन् ।

(च) मगल मुरती मारूत नन्दन ।
सकल अमङ्गल मुलनी कन्दन ।।
पवन तनय सन्त नहितकारो ।
हृदय वितराज अभय विहारी ।।

(यिनय प.ो ३६)

कपि श्रेष्ठ हनुमानजी देयताहरू भन्दा पनि श्रेष्ठ आनन्द र कल्याणको धाम कपानघारी शिवजी के अवतार हुन् । वानर राज शुग्रीवको गएका राज्य फिर्ता दिलाउने । संसारका संकटवाट नास गर्ने उनको नाउ कैले पनि अमङ्गल हुन सक्तैन ।

(श्लोक) जयति गतराज ताता र
हतार संसार सकट दनुजदर्प हारी
इति अति मीतो ग्रहप्रेत वीरानल व्याधी वाधा

विनय पद २८०

जस्ले सब प्रकारले हनुमानको आवश्यकमा हुन्छ उसको सर्व प्रतिज्ञा पुरा हुन्छ हनुमानजीले असभवको सवभ गरी दिनु हुन्छ । उसको आनन्द-

मयी मूर्तिको स्मरण गर्दैमा सारा संकट र शोक मेटेर जान्छ उनको कृप भए पछि राम सिता र शिव पार्वती सबैवाट कृपा हुन्छ।

प्रभु राम स्वयं आपनो मुखार विन्दवाट उनको प्रशंसा गर्दै आफुलाई उनको ऋणी हु भनि स्वीकार गर्नु भएको छ उनै हनुमानको नाम कैले अपवित्र हुन सक्दैन।

(चौ) सुनु कपी तोही समान उपकारी
नहिको उ सुर नर मुनी तनु धारी

प्रति उपकार करौका तोरा।
सन मुख होइन सकत मन मोरा
सुनु सुतको हिउरीन मेनाही।
देखउ करी विचार मन माहि।

रामजीको परम्परा शोकातुर श्री भरतलाल पनि कपी श्रेष्ठ हनुमानजीको दर्शन गरेर धन्य सम्झनु हुन्छ उनको दर्शनले सबै शोक हरेका थिए। सर्वदाको निमित्त रिणी सम्झनु भएको थियो त्यसैले उनको नाम कैले कष्ट डायक हुन सक्दैन।

(चौ) कपीत वदर ससकल दुःख विते
मिले आजु मोही राम पिरिते
यहि संदेश शरी स जगमाही
करि बिचार देखेउ कछु नाही
नाहिन तात उरीन मैं तोही
अवचरीत सुना वहु मोही

(मानस ७।३)

पँले हनुमानजी सामान्य हुन सक्छ तर प्रभूने अपनाउनु भएकाले सवैको निमित्त पुजनीय हुन गयो ।

(चौं) कपी पति रिछ निसाचर राजा ।
अङ्ग ढादी जे किस समाजा ।
कं छेउ सबके चरण सुहाय ।
अधम सरीर राम जिन्ह पाए ।

उनै हनुमानले वसालेको शकरजीले पनि उठाउनै सक्नु भएन .जुन घरको इनले नष्ट गरी दियो । कसैले बसाल्न पनि सकेन यिनको नाम लिए पछि संकटहरू जरै देखि उखलिएर भाग्दछ ।

भगवान सुखी गर्न सच्चरीत्रको निमित्त सामान्य नियम

चरित्र के हो मनुष्यको आन्तरिक भाव. तथा कर्म र वाणीले चरित्रको पहिचान गरिन्छ वाल्मीकीले नारदजी संग प्रश्न गर्नु भगो ।

**चारित्रेणच:को युक्त सर्वभुतेषुको हित ।
विद्वान कः कः समर्थश्व कस्चैकः प्रिय दर्शन ।।**

यस्को उत्तरमा भन्नु भयो समस्त गुण चरित्र के सदाचार अन्तरगत आउछ वचन, बुद्धि स्बभाव, चरित्र, आचार तथा वेब्रहारमा हामी देख्दछौ चरित्र शब्दले कर्म, धर्म, अर्थ र स्वभावमा आउछ ।

सच्चरीत्रको बिषयमा सामान्य नियम तल दिइएको छ सके सम्म गर्दै गए पछि गर्न नसक्ने होइन ।

१. आफ्नो कूल शिल र देश स्थिति अनुसार विस्त्र लगाउनु लोक परपरा मर्यादा ध्यानमा राख्नु ।

२. अतिथिहरूको सम्मान गर्नु आफ्नो शक्ति अनुसार आशन, भोजन, विछौना जल, फल फुलद्वारा सत्कार नगरीं अतिथि घरवाठ जान नदेउ र मधुर वचनले स्वागत गर्नु ।

३. अतिथि अचानक घरमा आए उठेर स्वागत सत्कार गरीभोजनको प्रवन्ध गर्नु नम्र पूर्वक सुत्ने प्रवन्ध पनि गरी दिनु उनलाई नखुवाइ आफुले नखानु नाराज भएर गए धर्म सवै लियर जानेछ ।

४. उडायको र अस्तायको सूर्य नहेर्नु वाछी वाधने डोरी ननाध्नु वर्सादमा नडोदनु जलमा आफ्नो मुख नहेर्नु ।

५. गर्भिणी स्त्री, रोगी, वृद्ध, विद्वान, साधु वाटोमा भेट भएमा वाटो छोडी दिनु ।

६. आकाशको इन्द्र धनु अरूलाई नदेखाउनु आफुले पनि नहेर्नु मल मुत्र थुक विष्टा रगत आँ ना आदि तलाउ कुवामा नफ्याक्नु ।

७. काँसको भाँडामा पाउ नधुनु अरूले लगाएको जुत्ता लुगा गहना माला नलगाउनु पानी नाध्ने वखत जुत्ता हातमा लिएर नजानु ।

८. नसा लाग्ने वस्तु कहिले नपिउनु ज्यादा नहाँस्नु अरूलाई दोष दिने वानी नगर्नु अर्काको खराव कुरा नभन्नु धानको भुस हाडमा माथि नबस्नु आयु घट्छ ।

९. नोकरहरू संग राम्रो व्यवहार गर विरामी र तकलीफमा विचार गर सेवा गर उनलाई सानु नसम्झनु ।

१०. चाण्डाल मुर्ख अभिमानी नाच्ने, अलसी, चोर, डाका शत्रुको साथ नवस्नु दुवै हातले टाउको नकन्याउनु जुठोको समयमा मस्तक नछोवस अरूको रुमालले आफ्नो मुख नपुछनु ।

११. आमा बाबु, गुरुको नित्य सेवा गर्नु आज्ञा पालन गर्नु र गाइ यज्ञ चाडालको छाया नकुल्चनु ।

१२. भिडमा धक्का नदेउ भुल भए क्षमा माग आफुलाई लागेमा खराव नसम्नु सावधान हुनु ।

१३. मध्यान आधारात, प्रात सन्ध्याकालमा चौवाटोमा घुमियर नरहनु ।

१४ हुन सम्म अरुसंग कुनै चिज नमाग्नु मागेमा तुरुन्त फिर्ता दिनु लेनदेनको व्यवहार कम गर्नु ।

१५. कसै कहाँ पाहुना भएर गएमा बिचार गरेर उसलाई तकलीफ नहोस्

१६. द्धेश गर्ने धेरैको शत्रु अरूलाई ज्यादा दुःख दिने आवारा, झुठा वोल्ने धेरै खर्च गर्ने, अर्काको निन्दा गर्नेहरु संग मित्रता नजोडनु ।

१७. दाँतमा पिन सुइ चक्कुले नकुडनोस कानमा सिन्काले नघोचनु नाकमा औला नघुसार्नु, नङ्ग नचपाउनु आँखाभुइ नउखेल्नु भइमा नलेख्नु सिंग भएको पशु र आएको आधीवाट वच्नु ।

१८ उत्तम, अधम जसै संग मित्र भावगर्नु झगडा नगर्नु पाउ माथि पाउ नराख्नु बसीरहेको मानिस विच जान झुकेर दाहिने हात फैलाएर वाटो मागेर जाउ ।

१९. सभामा नउठनु खोकी पिसाव लाग्ने भए छेउमा वस्नु र कुरा नगर्नु जोडले नहासननु ६

२०. परिचित र पुज्य मानिस वाटोमा भेटिए पैले प्रणाम गरी क्षम कुशल सोध्नु रातमा वाहिर लठि लि जानु । लंगडा बुढी निच गरिवलाई कैले चित नदुखाउनु ।

२१. दुःखी पशु पंक्षीको सेवा गर्नु कुनै प्रकारले पिडा र दुःखीको प्रेमले वोल्नु सहायता गर्नु ।

२२. कसैको धर्म र इश्वरका निन्दा नगर्नु पाप छैन भने उनको धर्ममा पनि सक्ति अनुसार सहायता गर्नु खराव गर्नेलाई पनि विपती कालमा मदत गर्नु ।

२३. लोभले अर्काको हक मेटेर धन नकमाउनु अर्काको खराव अवस्थामा मन कर्म वचनले खराव नसम्झनु अचल होत् भन्ने चिताउनु ।

२४. पापको कमाइ दुःख नै हुन्छ एक पटक भुल वा परिस्थितिमा परी दोषी वनाएकोमा पछि पश्चाताप गरेमा त्यसमा माफि देउ र सुमार्गमा लगाउ ।

२५. गरीव नातादारलाई कुनै विवाह वृतवन्धमा वोलाय हेला नगर्नु जहाँ राख्दा मर्यादा रहन्छ उहि राख्नु गरिव सम्झेर हेला नगर्नु ।

२६. जस्तै वोली रहेछ विचमा नवोल्नु कुनै काम पनि विचारले गर्नु हतारीनु हुदैन ।

२७. वोल्दा लज्जा हुने कुरा नवोल कसैको कुरा गुप्त छ भने नभन्नु ।

२८. आफ्नु निन्दा गर्छ भने नरीसाउ वढाई गर्छ भने नफुल्नु अर्काको निन्दा दिल नदिनु गुण सुने खुसी मान्नु आफ्नु मान गरे ममले त्यागी दिनु ।

२९. कुनै शास्त्रको विवाद नगर्नु कुनै तर्क गर्दा अरू हार्ने भयो भने कुरा वन्द गर अरूलाई हारेको कुरा थाहा नहोस् ।

३०. कसैलाई जमान दिए पुरा गर छोरा सिक्ष्य सेवकको पनि अपमान नगर विश्वास नखोल अरूले जमान दिएको पुरा नगरे नरीसाउ मानिस परिस्थितिको वसमा पर्दछ ।

३१. अपमान गरी दान नदिनु दिएको दान गन्न नदेउ आफ्नो समर्थन गराउन नदवावस् ।

३२. वेकारीहरूलाई सके काममा लगाइ दिनु अंश वन्डामा कुनै नलुकाउनु पाउने हिस्सा भन्दा वढी लिनेकोसीस नगरनु ।

३३. कर्जा लिएको छिटै तिर्नु लिएको रूपैंया तिर्न नसके दुःख नदिनु वस्ने घर लिलाम नगराउनु ।

३४. भूल कसको हुदैन नोकरले भुल गरे नरीसाउन वारम्वार असल खराउको ज्ञान दिएर राख्नु सम्झाई बुझाई उसको चित शान्ती गरी दिनु फेरी भुल गर्न कम गरावस भुल रहित हुनु परमात्मा बाहेक अरू हुदैंन ।

३५. रोगीको सच्चा हृदयले सेवा गर्नु भार भैरहेछ भन्ने थाहा नहोस् कपडा बिछोना रोज फेर्नु उसको कुरा सुनी रहनु औषधी समयमा दिनु खान नहुने चिज विरामीको अगाडि नल्याउनु नखानु सेवा गर्नु सौभाग्य सम्झनु खकार फोहर गाडी दिनु ।

३६. इश्वर साथैमा छ गुप्त भन्दा गुप्त पनि थाहा पाउनु हुन्छ भन्ने कुरा नभूल्नु । इश्वरलाई प्यारो हुने काम गर्नु ।

३७. भगवानको नाम जप किर्तन गर्नु श्रवण चिन्तन ध्यान शक्ति अनुसार गर्नु अरूलाई पनि प्रेमले गर्न लगाउनु यो भन्दा अरू कुनै साथमा जाने वस्तु छैन ।

३८. परमात्मा नै सत हुन त्यस्मा मन लगाउनु नै सदाचार हो तनमन धनले सबै कार्य गर्नु यही सच्चरित्र सदाचारको सामान्य गियम हुन् र साधन हो ।

भगवान दर्शन कैले पाउने

विषयमा विषयीको छोरा उपर आमाको पति उपर, सतिको जति प्रेम हुन्छ यो तीनै प्रेम एकै ठाउंमा राखेर इश्वर तर्फ लागेपछि दर्शन मिल्दछ ।

वेदसार शिव स्त्रोत

पशु नां पति पाप नासं परं सं
गजेन्द्रस्य कृति वसानं वरेन्यम ।

जटा जुट मध्ये स्फुरद गाङ्गवारि
महादेव कं मि स्ममरामी स्मरारिमे ।
महेशँ शुरेस सुरा राति नासँ
विभु विश्व नाथं विभूत्यङ्गभूष मू ।
विरूपाक्ष मिन्द्वर्क वन्हित्रिने त्रं
सदानन्द भिडे प्रभुं पन्च वक्त्रम् ।
गिरिसँ गणेश गले निलवर्णं
गवेन्द्रा धिरूढेगुणा तित रूपम् ।
भवं भास्करं भस्मनाँ भूषितान्हं
भवानी कलत्रं भजे पन्च वक्त्रम् ।
शिवाकान्त शम्भो शशाङ्कार्ध मौले
महेशानशलिन् जटाजुट धारिन् ।
त्वमेको जगद व्यापको विश्वरूप
प्रशिद प्रसिद प्रभोपूर्ण रूप
परात्मानमेकं जगदवीजमा द्य ।
निरिहं निराकार मोङ्कारवेद्यम्
यतो जायते पाल्पते येन बिश्वं
तमिशं भलेजीयते यत्र बिश्वम्
नमूमिनं चायो नवन्होर्न वायु नं
चोकाश मास्ते नतन्द्रान निद्रा
नगिष्सो नशितं नदेशोन फेशो

नयंस्यास्ती मुर्ति स्त्रीं मुर्तित मिडे
अजंशास्द तं कारणं कारणां नां
शिवं केतलँ मासके मासकानाम्
तरीयं तमः पारमाद्यन्तहि न
प्रपद्य परं पावनं द्वैत हिनम्
नमस्ते नमस्ते विभो विश्व मुर्ते
नमस्ते नमस्ते चिदानन्न मुर्ते
नमस्ते नमस्ते तयो योग गम्प
नमस्ते नमस्ते श्रुती ज्ञान गम्प
प्रभो शुल पाणे विभो विश्वनाथ
महादेव शम्भो महेश त्रिनेत्र
शिवाकान्त शान्त स्मरारे पुरारे
त्वदन्यो करेण्यो गमाण्यो नगण्य
शम्भो महेश वरूणाभय शुलपाणे
गौरिपते पशुपते पशु पाश नाशिन्
काशीयते वरूणया जगदेव देकस्त्वं
हंसिपासी विद धासि महेश्वरोसी
त्व तोजगद्भवति देवभव स्मरारे
त्वयव तिष्ठ ती जगन्मृ ढु विश्वनाथ
त्वयेवगच्छति लयं जगदेत दिश
लिङ्गात्मक हर चराचर विश्वम् यिन् ।

(इति सम्पूर्ण)

आरण्यक मुनि द्वारा भगवान रामकास्त बन

त्वन्नामसमरणान्मुढ सर्व शास्त्र विर्वजित
सर्व पापग्घि मुतिर्प संगच्छेत्परमं पदम्
सर्वदैदेसिहाज्ञानां तारायोय निवि स्फुटम्
यन्नामना मस्मरणं क्रियते पाप तार कम्
तावद् गर्जन्ती पाता निवहत्तास मानिच
नयांवत्योच्यते नाम रामचन्द्र तव स्फुटम्
त्वन्नाम गर्जनं श्यूत्वा महापातक कुन्जरग
पालपन्ते महाराज कुत्र चित्यानलिप्स यां

(पद्म यु:पा:ख: ०३७।५-५३)

योगीत्साधन

ज्ञान चार विषयवाट प्राप्त हून सक्तछ।

१. कथा पुराण सुनेर
२. अरू मरेको देखेर आफु मर्ने विचार गरेर
३. भक्तहरूको संगत गरे पछि
४. संसार वेवहार झुठा सम्झेर

अहंकारले अज्ञान पैंदा हुन्छ ज्ञान नभए पछि अविवेकी बन्ने छ। त्यसवाट क्रोध लोभ उत्पति हुन्छ सतसंगद्वारा अभ्यास गर्नु त्यसबाट अहं छुटेपछि अहंकार अविवेक नष्ट हुन्छ।

अहंको अपराधी सम्झेर उसैलाई दवाउ अनि ज्योतिको अनुभव गरिनेछ अभ्यास गर्दै ध्यानमा समलग्न हुन् तर चित आफ्नो लछेमा नवसी विषय चिन्तनमा गयो भने ध्यान सवै माटोमा मिल्दछ। निरन्तर भगवत स्मृति भैरहे सोही सच्चा ध्यान हुन्छ।

देश जाति शरिरको आसक्तीको अलग नगरी ज्ञान प्राप्त हुन सक्तैन आचारले शरिर शुद्ध हुन्छ, चोरी हिंसा, व्यभिचार, राग द्वेश, इर्ष्या, मद मोह त्यागले हृदय शुद्ध हुन्छ, खरावी वचनको त्यागले वाराणी शुद्ध हुन्छ। सत्सङ्ग सहनसिलले मन शुद्ध हून्छ।

पापीको चिन्ह नै क्रोध हुन राग द्वेश मिश्रित क्रोधले भगवानको भक्तिमा डुग्नै सक्दैन विशेष गुरू र भक्तहरु उपर क्रोध कैल्हे नगर्नु।

अज्ञानीले अरूको गुण र दोष देख्दछ आत्म दर्शी भक्तहरुले भगवानलाई मात्र देख्दछ। कामीहरू आफनो इच्छा विषयको देख्दछ अरु देख्नै सक्तैन।

साधन २ प्रकारको हुन्छ। (१) अन्तरङ्ग (२) वाहिरङ्ग यो दुवै आवश्यक साधन हुन अन्तरङ्ग, साधन निरन्तर चिन्तन गरी रहनु कुनै पनि समय आफ्नु चित्त अनेत्र तर्फ नलगावस्।

वहिरङ्ग साधन अरू संग लिनु, सचय गर्नु वारम्वार खाइरहनु, अरुको निन्दा स्तुती गर्नु यसवाट भजनको फल हुन सक्तैन।

अविवेकीलाई शास्त्रभार हुन्छ। रागीलाई ज्ञान भार हुन्छ अशान्ति मानिसलाई मन भार हुन्छ आत्मा दर्शीलाई शरीरभार हुन्छ यसको आवश्यक श्लोक।

भारो विवेकिन, शास्त्र मारो

ज्ञानंच रागिणा

अशान्तस्य मनो मारो
नात्म विदोवधु ।

प्रेम वा भय विना वैराग्य हुन सक्तैन भय यस्तो कुरामा हुनु पर्दछ। यो सवै भगवानको हो यो भोग्न मेरा अधिकार छैन आफ्नो सम्झेर भोग्न् पाप हो यस प्रकार मन भगवान प्रति लागे पछि विषय तर्फ लाग्न सक्तैन भगवान प्रति प्रेम नभएरै मन अनेत्रमा जाने हुन् । जवे तक वडपनको अभिमान रहन्छ त्यस वखत सम्म प्रेम र वैराग हुन् सक्तैन ।

सत्व गुण विना ज्ञान हुन सक्तैन जुन समय स्वार्थ रहदैन त्यस वेला प्रेम हून्छ ।

ज्ञानले अज्ञान नास गर्दछ वेवहार नांस गर्दैन, देवी सम्पतीले ज्ञानलाई मद्दत गर्दछ आसुरी सम्पतिले ज्ञानलाई नास गर्न खोज्दछ, त्यसैले शुभ कर्म गरि रहनु पर्दछ ।

चित्तको स्वभा नै चिन्तन गर्नु शुभ कर्म छोडेपछि चित्त विषयको चिन्तन गर्दछ । जो परमात्माको दर्शन चाहन्छ बन्धन वाट छूटन चाहन्छ कामीनी र कान्चनमा आसक्ति नराख्नु त्यसमा मन लागिरहे सम्म उनी संग भगवान टाढा रहनु हुन्छ ।

निन्द्रा आलस्य शंसपपो सवै साधनको विघ्न हुन श्रद्धा, भक्ति नम्रता उत्साह धेरै, आचार सदाचारको सेवन, कुसङ्गको त्याग या सत्य गुण बढाउने हो । अनावश्यक कर्म र अनावश्तक भाषणलाई त्याग गर्नु भगवान सर्वदा मेरे अगाडि छ भन्ने निश्चय गर्नु द्वेष, घृणा शत्रुता भावको त्याग गर्नु पर्दछ ।

शारिरीक स्वास्थ्य. संयम र भगवत प्राप्तीको साधन हुन हुन विश्वास गर्नु शुभ कर्मको फल अवस्य मिल्दछ रोइ रोइ आए स्त्री हासी जानु पर्दछ ।

श्रेष्ट पुरूषले जो गर्दछ त्यही नगरोस् उन्ले जे भन्दछ त्यही गर्नु किनकि महा पुरूषहरूको कार्य सम्झीन सक्तैन । भगवानको नाउँमा लाखौं रूपैया खर्च गर भाव छैन भने परमात्मा प्राप्त हुन सक्दैन ।

उत्तम भजनको पहिला श्रेणी नै कसैको निन्दा स्तुती नगर्नु चार वेद छ शास्त्रहरूले पनि निन्दालाई वर्तित गरिएको छ । संसारमा सबै भन्दा कठिन सेवा हो मनूष्य भजन र ध्यान सबैले गर्न सक्छ तर सेवा कठिन छ सेवा उनै गर्नु सक्तछ जसको उपर भगवानको अत्यत कृपा हुनु पर्दछ ।

संसारवाट पार हुनेले चार बाटो द्वारा उद्वार हुन सक्छ ।

१. इश्वर २. गुरू र शास्त्रमा श्रद्धा ३. सहनशिलता ४. सत्य र दान

शरीरको निमित्त आहारा हुन आहारालाई शरीर हैन ।

जनतक क्रोध, छल, कपट, स्वार्थ अभिमान, लोक निन्दाको भय, यो दोष हृदयमा रहन्छ कठोर तप गरें पनि भक्ति लाभ हुन कठिन हुन्छ । क्रोधपूर्ण छ भने तीनको भजन कुनै काम छैन उसको सबै कार्य नष्ट छ क्रोध लोभले सारा भजन नष्ट गरी दिन्छ ।

कामी क्रोधी लालची
इनसें भक्ति नहोवे
भक्ति करे कोइ सुरमा
जातिवरन कल खोय

☆

कमलापतीम्

भुजगतल्प गतँ धन सुन्दरँ

गरूड वाहन मम्बुज लोचनम् ।

नलिन चक्र गदाकर मथयं

भजत रेमनुजा: कमला पतिम् ।।१।।

अलि कुलासित कोमल कुन्तलं

विमल पित दुकुल मनोहरम ।

जलधि जाङ्कित काम कले वरं

भजत रेमनुजा कमला पतिम् ।।२।।

किमुज पंन्च तपो भी रुता ध्वरे रपि

किमुतम तीर्थ निषेकणे ।

किमुत शास्त्र कदम्व विलोकनं भंजत

रेमनुजा कमला पतिम् ।।३।।

मनुज वेहमिमं भुवि दुर्लभं

समाधि गम्प सुरं र पिवान्छीतम्

विषयलम्पटताम पहाय वंभजस

रेमनुजा कमला पतिम् ।।४।।

नवनितान सुतोन् सहोदरो

नहिपिता जवनी नच कान्धवा ।

व्रजति साक ममेन जनेन वंभजत

रेमनुजा: कमलापति म् .

सकल मेव चलं सचराचरं
जगदिदं सुतरा धन यौवनम्
सनव लोक्य विवेक दशा द्रुतं भजन
रेमनुजा: कमला पतिम् ॥५॥

विविध रोग पुतं क्षण भङ्गुरं
परवसे नव मार्ग मला कुलम्
परिनिरिस्य शरिर मिदं स्वकं
भजत रेमनुता कमला पतिम्
मुनी वरैरनीश हृदि भावितं
शिव किरन्ची महेन्द्रनु तं सदा
मरण जन्म जरा भए मोचन
भज तरे मनुजा कमला पतिम्
हरि पदाष्ठक मेत दमुत मं
परमहंस जनेन समीरितम्
पठति यस्तु ममाहित चेत सा
व्रजती विष्णु पदं सनरोध्रुवम् ।

✳

हे मनुष्ये, जो शेष सध्यामा बस्नु भएको छ निल मेघ वर्ण सटस श्याम सुन्दर गरूडजीको वाहन जस्तो कामल जस्तै नेत्र शंङख चक्र गदा पद्म चारी श्री कमला पतिलाई भजनु भमरा जस्तै कालो काका

कोमल अति निर्मल सुन्दर पिताम्वर पहिरीएकी वाँया श्री लक्ष्मी सुशोभित कमला पति भज्नु ।

श्री पशुपति महीमा

रचना अनिता श्रेष्ठ

पशुपति नाथ दया गर
सब दु:खीजनको एक तिमी

रक्षा गर प्रभू दीन दु:खीको
हे दयाको सागर
अज्ञानी हामी जान्दैनौं केही
ज्ञानको प्रभू ज्योती भर
पशुपति नाथ दया गर
चतुर्मुख प्रभूको चारधामको

शीतल गंगा त्यही बहेको
अति दयालु हे दाग्राम्वर
साथमा पार्वती गणेश कुमार
पशुपती नाथ दया गर
गलामा प्रभूको नागको माला

हातमा त्रिशूल डमरू लिएको
पशुपति नाथ भोले शंकर
पाप संकष्ट दु:ख हर
पशुपति नाथ दया गर

वीदुरजीको भनाइ

वृतं यत्नेन संरक्षेद, वितमेतित्र यातिच ।
असीणे विन्ततः सीणोवृततस्तु हतोहतः ॥

(महा० उर्द्या)

चरीत्रवान नै संसारमा सवै भन्दा बलवान हुन्छ । उनै समाजको आदर्श हुन्छ ।

अग्लो पहाडबाट खसी मर्दछ एकैबार
जो चरीत्र हिन भएर खसे बीग्रीन्छ जन्म हजार

वृहदारण्य उपनीषदमा पष्ठ गरिएको छ ।

उदालकको छोरा स्वेतकेतु व्रम्हज्ञानको आचार्य थिए । स्वेतकेतुको पीता उदालक आफैले प्रारम्भिक ज्ञान दिएर १२ वर्षको अवस्थामा वेड अध्ययन गराउन गुरू कुलमा पठाए भनेकी तीमी कुलको मर्यादानुसार व्रम्हचर्य पूर्वक पास गरेर समस्त शास्त्रको अध्ययन गरी प्रथम भएर आउनु ।

पिताको आज्ञानुसार १२ वर्ष तक विद्या पढी सकेपछी २४ वर्षको अवस्थाभा स्वेतकेतु पिता कहाँ गए तव विद्याको अभिमानको कारण उनी बहुतै घमण्डी र उडण्ड स्वभावको भएछ । पिताले झुट्टा अभीमानको देखेर विचार गरेकी येतीको विद्या पढेर पनि अभिमान गदछ भने उनी असी सोतनै हो ।

त्यसैले यस्को अभिमानको समाप्त गर्नु पर्दछ भनी उदालकले स्वेतकेतु संग प्रश्न गरे की छोरा स्वेतुकेतु तिमीजु विद्याको अभिमानले परी पूर्ण भएको देखिन्छ । के तीमीले व्रम्हज्ञानको आचार्य पढेर अभिमान पनि सिकेर आएका छौ की । आचार्यको उपदेशद्वारा अश्रुत श्रुत हुन्छ, तर्क नगरेको तर्क युक्त भएर आउछ अविज्ञात ज्ञात हुन्छ ।

तर स्वेतकेतुले ययस्को कुनै जवाफ दिएन, आफ्नु स्वभावले लज्जीत भएर विनय पूर्वक पितासंग जान्न प्रयास गरे। अनी उद्दालकले विभिन्न प्रकारको उदाहरण दिदै स्वेतकेतुलाई ब्रम्हज्ञान सम्वन्धी शिक्षा दिए ब्रम्हज्ञान जानेपछी स्वेतखेतु अत्यन्त नम्र हुँदै गए।

यस प्रकार स्वेतकेतुको यो चरीत्रको विशेषताको प्रस्त गर्दछ शिक्षा (ज्ञान) एवं अभीमान दुवै परसपर शत्रु नै हो ज्ञान प्राप्त भएपछी पनि अभीमान रहन्छ भने उस्को ज्ञान अपुर्ण नै रहन्छ उस्ले कैले पनि उच्चपद प्राप्त गराउन दिदैन।

गुरूको ध्यान

नगुरार धिकँ तत्वँ नगुरोर धिकँ तप
गुरोर ज्ञानात् परँ नास्ति तस्मै श्री गुरूभ्योनम
ध्यान मुलँ गुरू मुर्ति पुजा मुलँ गुरू पदँ
मन्त्र मुलँ गुरू बाक्य मोक्ष्य मुलँ गुरू कृपा

माँ भगवती वन्दना

रचना:— सुश्री अनिता श्रेष्ठ

जगत जननी हे माता भगवती
तिम्रै हुँ सन्तान म पनि
धर्ति भरिएको सृष्टि सारा
तिम्रै हो वरदान यो पनि
दुष्टका तिमी सम्हार कर्ता
भक्तका तिमी पालन कर्ता
म त हुँ केवल तिम्रो दासी
माँ को एक दृष्टिको प्यासी
जगत जननी

सुहारमा तिम्रो मुस्कान छ माता
तिमी नै मेरो भाग्य विधाता
मेरो यो मन मेरो जीवन
सब तिम्रै हो तिमीलाई नै अर्पण
जगत जननी

प्रभुको सेवक

रचना:– मीरा श्रेष्ठ
तिनधारा

हे प्रभु म सेवक तिमी स्वमी
यो जीवनमा दुःख घेरै पाएँ
भव सागरमा डुब्न म लागे

दया गर प्रभु म छु अज्ञानी हे प्रभू ...स्वामी
संसारमा रहेन छ तिमी बीना कोही
सधैं कृपा जप्न पाए चाहिएन केही
केही नपाई प्रभूलाई चढाउन पनि

चढाएँ मेरो जीवन शरण लेऊ तिमी
हे प्रभु म सेवक तिमी स्वामी

थरी थरीका भक्त

रचना:- सुश्री अनिता श्रेष्ठ

देखें मैले अनेक थरीका
भक्तहरूले भजन गरेका
कोही रूदै कराउँदै भन्दछ
प्रभु मेरो शत्रु कहिले मर्दछ
अर्को एक भक्त बाजा तान्छ
नदिए अरूलाई मूक्दकीले हान्छ
एक भक्त प्रभुको नाम खुब जप्छ
गरीब र रोगीलाई धेरै हेप्छ
मीरा बनि कोही भजन गर्छिन्
भक्तहरू सामू आँशु बहाउँछिन्
आफ्नो परिवारलाई खुब रूवाउँछिन्
पर पुरूषको पछि पछि लाग्छिन्
साँधु बाने कोही पुराण छाँट्छ
उसले नै सब जग्लाई ढाँट्छ
कोही बालक बुढालाई पछार्छ
देवता ढोक्न आफू अघि सर्छ ।

श्री भगवान नारायणको पाउ स्मरण

दाँया	बाँया
ध्येयम सदा परीमवघ्न ममिष्ठ दोहँ ।	त्यक्त्वा सुदुस्क्रत जसु रेप्सीत राजलक्ष्मी
तिर्थास्पदँ शिव विरिञ्ची नुतँ शरणेम ।	धर्मिष्ठ आर्यवचसा यदगाद रण्यम्
भृत्याति हूँ प्रणतंपाल भवाब्धि पोतँ	माया मृगँदयित यप्सीत मन्वधाव
वन्दे महापुरुषते चरणार विन्दम्	वन्दे महापुरुषते चरणार विन्दन्

২৮৪.২
সা/৪/৫

मुद्रकः- मञ्जुल प्रिन्टिङ्ग उद्योग
भेलाछें, ललितपुर-११